मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक ३२० | २०८० साल असोज १४ गते आइतबार | Sunday 01, October 2023 | सूर्योदय: बिहान ५:५७ बजे | सूर्यास्त: साँझ ५:५२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## बढ्यो इन्धनको मूल्य




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले शनिबार राति १२ बजेदेखि लागु हुने गरी इन्धन र खाना पकाउने ग्यासको मूल्यवृद्धि गरेको छ ।

**मूल्यवृद्धि**
पेट्रोलः प्रतिलिटर २ रुपैयाँ
डिजेल र मट्टितेलः प्रतिलिटर ६ रुपैयाँ
ग्यासमा प्रतिसिलिन्डर रः २१५ रुपैयाँ
हवाइ इन्धन आन्तरिक र अन्तर्राष्ट्रियः प्रतिलिटर ८ रुपैयाँ

**अबको मूल्यः**
ग्यासः प्रतिसिलिण्डर २११० रुपैयाँ
पेट्रोलः पहिलो वर्ग प्रतिलिटिर १८२.५ रुपैयाँ
पेट्रोलः दोस्रो वर्ग १८४ रुपैयाँ
पेट्रोलः तेस्रो वर्ग १८५ रुपैयाँ
डिजेलः पहिलो वर्ग प्रतिलिटिर १७६.५ रुपैयाँ
डिजेलः दोस्रो वर्ग प्रतिलिटिर १७८
डिजेलः तेस्रो वर्ग प्रतिलिटिर १७९ रुपैयाँ
पहिलो वर्गः (चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज)
दोस्रो वर्गः सुर्खेत र दाङ
तेस्रो वर्गः काठमाडौँ, पोखरा र दिपायल

# जनकपुरधाम पुनर्उत्थानको बेला आयोः अर्थमन्त्री

***यतिबेला देशको अर्थतन्त्र कमजोर भएको मुख्य कारण निराशावादी सोच भएकाले हो । सामाजिक सञ्जालमा अर्थतन्त्रको सवालमा निराशाजनक कुराहरु मात्रै छ्याप्छ्याप्ती छ । यस्तो अवस्थामा केही गर्न चाहना भएकाहरुले पनि डराएर नयाँ लगानी गर्न वा लगानी थप्न हिच्किचाइरहेको अवस्था छ । भूकम्प र कोभिडले नेपालको अर्थतन्त्रलाई नकारात्मक प्रभाव पारे पनि पछिल्लो समय सुधारोन्मुख छ ।***




**सुरेश यादव**
**जनकपुरधाम ।**
अर्थमन्त्री डा. प्रकाश शरण महतले राजनीतिक तथा सांस्कृतिक केन्द्रका रुपमा रहेको जनकपुरधाम क्षेत्रलाई आर्थिक केन्द्रका रुपमा विकास गरिने बताएका छन् ।
जनकपुरधाम उद्योग वाणिज्य संघको ५६ औँ वार्षिक सधारणसभालाई शनिबार सम्बोधन गर्दै मन्त्री महतले यस्तो बताएका हुन् ।
'जनकपुरधाम क्षेत्र आज होइन परापूर्वकालदेखि राजनीतिक तथा सांस्कृतिक केन्द्रका रुपमा पहिचान बनाएको त छँदैछ, अब आर्थिक केन्द्रका रुपमा विकास गर्ने बेला आयो,' मन्त्री महतले भने, 'यसका लागि पर्याप्त आधारहरु देखिरहेको छु । मधेश प्रदेशको राजधानी रहेको यस क्षेत्रमा औद्योगिक तथा कृषि उत्पादनको हब बनाउन सकिने प्रचुर सम्भावना देखिन्छ ।'
प्राचीन मिथिलाको राजधानीसमेत रहेको जनकपुरधाम पछिल्लो केही समययता विभिन्न कारणले विकासको दृष्टिकोणले पछि परिरहेकामा अब पुनर्उत्थान गर्ने बेला आएको मन्त्री महतले बताए । 'यस भेगका युवामा उद्योग, व्यवसाय र कृषि उत्पादनमा व्यावसायिकरुपले काम गर्ने उत्कट चाहना देखिरहेको छु,' सभालाई सम्बोधन गर्दै मन्त्री महतले भने, 'सरकारका तर्फबाट थोरै सहजीकरण भइदिए यो क्षेत्रले आर्थिक विकासमा क्रान्ति ल्याउन सक्ने सम्भावना छ ।' मन्त्री महतले स्थानीय तथा प्रदेश सरकारसँग सहकार्य गरेर संघीय सरकारले जनकपुरधाम क्षेत्रको विकासमा योजना बनाएरै अग्रसरता लिने सरकारको तर्फबाट प्रतिबद्धता व्यक्त गरे ।
यतिबेला देशको अर्थतन्त्र कमजोर भएको मुख्य कारण निराशावादी सोच भएको उनले बताए । 'सामाजिक सञ्जालमा अर्थतन्त्रको सवालमा निराशाजनक कुराहरु मात्रै छ्याप्छ्याप्ती छ ।
यस्तो अवस्थामा केही गर्न चाहना भएकाहरुले पनि डराएर नयाँ लगानी गर्न वा लगानी थप्न हिच्किचाइरहेको अवस्था छ,' मन्त्री महतले थपे, 'भूकम्प र कोभिडले नेपालको अर्थतन्त्रलाई नकारात्मक प्रभाव पारेपनि पछिल्लो समय सुधारोन्मुख छ ।'
रेमिट्यान्सलगायत आम्दानी भए पनि पूँजी चलायमान हुन नसक्दा समस्या रहेको उनले बताए । मधेश प्रदेशमा आर्थिक स्तर उकास्न मुख्यतया दुई प्रमुख सम्भावनाको उनले चर्चा गरे । कृषि र धार्मिक पर्यटन । कृषि उत्पादन बढाउन सरकारले सिँचाइमा फोकस गरेको उल्लेख गर्दै उनले भने, 'सुनकोशी, मरिण, बागमती डाइभर्सनलाई राष्ट्रिय गौरवकै योजनाको रुपमा अर्बौं रुपैयाँ विनियोजन गरी काम सुरु गरिसकेको छ भने सुनकोशी र कमला डाइभर्सनको लागि पनि योजना बनिरहेको छ ।'
कार्यक्रममा प्रतिनिधिसभा सदस्य एवम् पूर्व मन्त्री जुली कुमारी महतोले जटही भन्सार नाकालाई सुचारु गरी जनकपुर क्षेत्रलाई औद्योगिक क्षेत्रको रुपमा विकास गर्न अर्थमन्त्री महतलाई ध्यानाकर्षण गराइन् ।
भारतसँग भौगोलिक रुपमै सामिप्यता भए पनि मधेशले सीमापारी भइरहेको विकासको गतिबाट प्रभावित हुन नसक्नु दुःखद् भएको उनले बताइन् । उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले केही वर्ष अघि जनकपुरधाममै आएर यो सहरको विकासका लागि एक सय करोड भारतीय रुपैयाँ अनुदान सहयोगको घोषणा गरेको उल्लेख गर्दै रकम के कति कारणले अहिलेसम्म आउन नसकेको खोजी गर्दै यहाँबाट काठमाडौँ फर्किएलगत्तै यसका लागि चासो लिन मन्त्री महतसँग आग्रह गरिन् ।
मधेशमा हुलाकी राजमार्ग सहितका सडक आवश्यक पुल निर्माणका लागि बजेटको अभाव नरहे पनि नीतिगत समस्याका कारण निर्माण कार्यमा अनपेच्छित ढिलाई भइरहेको सांसद महतोले उल्लेख गरिन् । 'हुलाकी राजमार्ग अहिलेसम्म पूर्ण हुन किन सकेन ? यसको लागि बजेट अभावको समस्या त मैले देखिरहेकी छैन,' उनले भनिन्, 'भौगोलिक रुपमा सहज भए पनि जनकपुरधाम क्षेत्रमा औद्योगिक विकासमा किन ढिलाइ भइरहेको छ ?'
सांसद महतोले जनकपुरधाममा गुठीको अधिनमा फालाफाल जग्गा रहे पनि उपयोग हुन नसकेको बताइन् । 'गुठीको जग्गा दिनदिनै दुरुपयोग भइरहेको अवस्था एकतिर रहेको छ भने अर्को तिर सरकारी कार्यालय रेसिडेन्सियल घरमा भाडा गरी सञ्चालन भइरहेको बाध्यता छ,' महतोले भनिन्, 'यसतर्फ सरकारको ध्यान पुगोस् ।' अर्थमन्त्री महत सक्षम र विज्ञसमेत रहेको उल्लेख गर्दै महतोले थपिन्, 'उहाँले चाहनुभयो भने देशमा विद्यमान अर्थतन्त्रको समस्यामा तत्काल सुधार आउनेमा म विश्वस्त छु ।'
सभामा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले मन्त्री महतसँग स्पष्ट औद्योगिक नीति ल्याएर उद्योगी, व्यवसायीको मनोबल उकास्ने कामका लागि अगुवाई गर्न आग्रह गरेका थिए ।
'भिठामोड नाकालाई आयात निर्यातका लागि भरपर्दो रुपमा विकास गर्न सकिए पनि यस क्षेत्रमा तत्काल औद्योगिक विकास सुरु हुने पर्याप्त सम्भावना छ' महासेठले भने, 'कृषि र जलविद्युतमा लगानीको वातावरण बनाउन पनि सरकारले ध्यान दियोस् ।'
जोसँग जग्गा छ उसले खेती नगर्ने र जो खेतीमै निर्भर छन्, उसँग जग्गा नरहेको अवस्थालाई ध्यानमा राखेर सरकारले चकलाबन्दीगरी व्यवसायिक कृषिकर्म गर्न चाहनेलाई जग्गा उपलब्ध गराइदिन माग गरे ।

## गृहकार्य नगरेको भन्दै प्रिन्सिपलबाटै मरणासन्न हुनेगरी कुटपिट



**मुकेश कुमार यादव**
**सिराहा ।**
मिर्चैया नगरपालिकास्थित निजी विद्यालयका संस्थापक प्रिन्सिपलले गृहकार्य नगरेको भन्दै विद्यार्थीलाई मरणसन्न हुनेगरी कुटपिट गरेका छन् । मिर्चैया–७ स्थित अक्षर पाठशालाका संस्थापक प्रिन्सिपल चन्द्रदिप महतोले कक्षा ६ मा अध्ययनरत मिर्चैया–१० महेशपुरका विजय कुमार मण्डलका छोरा विशाललाई मरणासन्न हुनेगरी कुटपिट गरेका हुन् ।
कुटाईबाट पिठ्यूँभरि निलडाम भएका मण्डलको मिर्चैयास्थित मंगलम हेल्थ केयरमा उपचार भइरहेको छ । उनलाई प्लास्टिकको पाइपले अन्धाधुन्ध कुटपिट गरिएको विद्यार्थीले नै बताए । शुक्रबार विद्यालयबाट घर फर्किएपछि बेलुका रोइरहेको अवस्थामा सोधखोज गर्दा निलडाम देखिएपछि तत्काल उपचारका लागि अस्ताल ल्याइएको उनका काका अजय मण्डलले जानकारी दिए । उनले भने, 'सञ्चो नभएर तीनचार दिनदेखि विद्यालय गएको थिएन, शुक्रबार मात्रै विद्यालय गएको थियो । विद्यालयबाट फर्केर घर आएपछि बेलुका आमालाई देखेर सुक्सुकाउन थालेपछि सोधखोज गर्दा यस्तो अवस्था देखियो । हामीले तत्कालै अस्पताल ल्यायौँ । उपचार भइरहेको छ ।'
के कारणले कुटपिट गरिएको हो भन्ने आफूहरुलाई थाहा नभएको विशालका काकाले बताए । उनले भने, 'मैले देख्नेबित्तिकै अस्ताल ल्याएँ, यस्तोविधि किन कुटेको हो, थाहा पाएको छुइँन ।'
विद्यार्थीलाई विद्यालयमा पढ्न पठाइएको हो । बालकलाई मरणासन्न हुनेगरी कुटपिट गर्नु अपराध भएको स्थानीय अशोक मण्डलले बताए । विद्यालयका संस्थापक प्रिन्सिपल चन्द्रदिप महतोसँग बुझ्दा उनले गृहकार्य नगरेको र बदमासी गरेकाले कुट्नु परेको बताए । उनले भने, 'गृहकार्य पनि गरेको थिएन, अलिक बदमासी पनि गरेकाले आबेगमा कुटेको हुँ, मबाट गल्ती भयो ।' प्रिन्सिपल महतोले आफूबाट गल्ती भइसकेकाले घटनालाई उचाल्ने भन्दा मिलाउनेतिर सोच्न आग्रह गरे । कुटपिट गर्ने शिक्षकविरुद्ध प्रहरीमा उजुरी गर्ने तयारी भइरहेको छ । मण्डलका बुवा वैदेशिक रोजगारीमा छन् ।

## छात्रा बलात्कार आरोपमा दुई युवक पक्राउ




**मधेशदृष्टि**
**सर्लाही ।**
सदरमुकाम मलंगवा नगरपालिका वडा नम्बर–२ स्थित कृष्णाचोकमा रहेको सन्त अल्पमाई राम नारायण यादव नर्सिङ कलेजमा अध्यनरत २ छात्रा माथि जबर्जस्ती करणी गरेको आरोपमा २ युवक पक्राउ परेका छन् ।
धनुषा घर भई मलंगवामा बस्दै आएका अनिकेत यादव र मलंगवामै बस्दै आएका पर्साका सुजित चौधरीलाई पक्राउ गरिएको प्रहरी प्रवक्ता एवम् डिएसपी दिपेन्द्र पंजियार थारुले जानकारी दिए । नर्सिङ कलेजमा अध्यनरत पीडित छात्राले कोठामा पार्टी गरेर मदिरा खुवाई लट्ठ पारी जबर्जस्ती करणी गर्ने प्रयास गरेको जाहेरी दर्ता गराएपछि उनीहरुलाई पक्राउ गरिएको प्रवक्ता थारुले बताए । घटना भदौ ३० गतेको भएको र पीडित छात्राले असोज ८ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएका हुन् । उनीहरु पढाइको सिलसिलामा मलंगवामा बस्दै आइरहेका छन् । छात्राहरुले तीन जनाको नाममा किटानी जाहेरी दिएकामा दुई जना मात्र पक्राउ गरेको र अर्का एक फरार रहेको प्रहरीले जनाएको छ ।

## होस्टलमा बालक मृत भेटिए

**मधेशदृष्टि**
**सुर्खेत ।**
वीरेन्द्रनगर बजारमा रहेको उषा बालबाटिका सेकेन्डरी स्कुलको होस्टेलमा बालक मृत भेटिएका छन् । घण्टाघर नजिक रहेको विद्यालयमा अध्ययनरत ८ वर्षीय बालक मृत भेटिएका हुन् स्कुलमा मृत भेटिएका बालक दैलेखको चामुण्डा विन्द्रासैनी नगरपालिका–१ का ८ बर्षीय सलाम पुलामी मगर रहेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायव उपरीक्षक लक्ष्मण बहादुर शाहीले जानकारी दिए । उनी उषा बालबाटिकामा कक्षा २ मा अध्ययनरत थिए । उनी शुक्रबार साँझ होस्टेलको खाटमा झुन्डिएको अवस्थामा फेला परेका थिए । आफन्तले घटना शंकास्पद रहेको भन्दै विद्यालय र होस्टेल तोडफोड गरेका छन् । कक्षा कोठा र होस्टेलमा रहेका सामान बाहिर ल्याएर जलाइदिएका छन् । घटनास्थलमा प्रहरी तैनाथ गरिएको छ । मृतक बालकका आफन्तले घटना छानबिन गर्नुपर्ने भन्दै तोडफोड गरेका हुन् । प्रहरीले ७ राउन्ड अश्रु ग्याससमेत प्रहार गरेको छ ।

भर्ना खुल्यो! भर्ना खुल्यो!! भर्ना खुल्यो!!!
नेपाल सरकारको CTEVT द्वारा सम्बन्धन तथा मान्यता प्राप्त यस
राम जानकी टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
मा निम्न कार्यक्रमहरु शैक्षिक सत्र २०८०।८१ को भर्नाका लागि लिइने पुनः प्रवेश परीक्षा (Entrance) को फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौं ।
फारम वितरण :-
मिति: २०८०।०६।१८ गतेसम्म
प्रवेश परीक्षा मिति :
२०८०।०६।२० गते
बिहान ८:०० बजे
कार्यक्रम :-
१) मेडिकल ल्याब टेक्नोलोजी (CMLT) - ३ वर्ष
२) प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ - १८ महिने
३) प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ - १८ महिने
सम्पर्क स्थान :
राम जानकी टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
क्याम्पस चौक, पिरडिया माई मन्दिरको पूर्वपट्टी, जनकपुरधाम–४
सम्पर्क नं.–९८४४०२०८८८, ९८४४०९९९२५ र ९८००८४३०१३

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
चलै चलु चलै चलु चलै चलु आसीन १६ गते
शहिदनगर नगरपालिकाके यदुकोहा चलै चलु
नेकपा (एस) के अध्यक्ष तथा पूर्व प्रधानमन्त्री कमरेड
माधव कुमार नेपाल तथा पूर्व प्रधानमन्त्री कमरेड झलनाथ खनाल
लगायत सयौं नेता कमरेड सभके स्वागतक लेल
विशाल आम सभा तथा पार्टी प्रवेस कार्यक्रममे
सहभागी भेल जाउ
सुशासन, रोजगारी र समृद्धिका लागि
समाजवादी जागरण अभियान-२०८०
आम सभा तथा पार्टी प्रवेश कार्यक्रम
२०८० असोज १६ गते, शहिदनगर न.पा., यदुकुहा, धनुषा

# कर्मचारी अभावले सेवा प्रभावित

**मधेशदृष्टि**
**वीरगंज ।**
लामो समयदेखि दरबन्दीअनुसारको कर्मचारी पदपूर्ति नहुँदा कृषि ज्ञान केन्द्र पर्साको कामकाज प्रभावित हुँदै आएको छ । कर्मचारी नहुँदा सेवाग्राहीलाई सेवा उपलब्ध गराउन समस्या हुँदै आएको कार्यालय प्रमुख मुनिलाल कुशवाहाले जानकारी दिए । प्रदेश सरकारमातहत कार्यालयमा १५ कर्मचारीको दरबन्दी भए पनि दुई प्राविधिक जनशक्तिसहित चार कर्मचारी कार्यरत छन् । जिल्लाका कतिपय क्षेत्रमा धानबालीमा गवारो कीराको प्रकोप देखिए पनि कर्मचारी अभावका कारण भूगोलमा पुगेर परामर्श सेवा पु¥याउन कठिनाइ भएको उनले बताए ।
यस्तै कार्यालयमा लेखापाल नहुँदा आर्थिक कारोबार गर्न समस्या भइरहेको र समयसमयमा कोष तथा लेखा नियन्त्रण कार्यालयबाट लेखापाल बोलाएर काम गर्ने गरेको उनको गुनासो छ । कार्यालयमा देखिएको जनशक्ति अभावबारे प्रदेश मन्त्रालय तथा कृषि निर्देशनालयमा पटकपटक जानकारी गराएर कर्मचारी माग गरे पनि हालसम्म पदपूर्ति नभएको उनले बताए ।

# भेडिहर समाजको सधारणसभामा विद्यार्थीलाई सम्मान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल भेडिहर समाजले शनिबार १४ औँ वार्षिक सधारणसभा सम्पन्न गरेको छ ।
सधारणसभाको अवसरमा समाजले समुदायका उत्कृष्ट विद्यार्थीहरुको मनोबल उकास्ने उदेश्यले सम्मान समेत गरेको छ ।भेडिहर समुदायका बालबालिकाहरुलाई अध्ययनमा ध्यानाकर्षण गराउने तथा जेहेन्दार विद्यार्थीहरुको मनोबल उकास्ने उदेश्यले विभिन्न पुरस्कार प्रदान गरिएको समाजका महासचिव गुल्जार राउतले जानकारी दिए । महासचिव राउतका अनुसार माध्यमिक शिक्षा परीक्षा (एसईई), प्लस टु तथा सिटिइभिटी उत्तीर्ण तीन जना छात्र तथा तीन जना छात्रालाई पुरस्कृत गरिएको थियो । एसईई तथा प्लस टु उत्तीर्ण विद्यार्थीलाई जनही पाँच हजार एक सय नगद र प्रंशसा पत्र तथा सिटिइभिटी उत्तीर्णलाई जनही पाँच हजार पाँच सय रुपैयाँ नगद र प्रशंसापत्र प्रदान गरिएको राउतले जानकारी दिए ।

# आइतबार प्रतिनिधि सभाको बैठक

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतिनिधिसभाको बैठक आज आइतबार बस्ने भएको छ । बैठकमा सभामुख देवराज घिमिरेले राष्ट्रपतिको कार्यालयबाट प्राप्त कार्यभार तोकिएको सम्बन्धी पत्रको ब्यहोरा पढेर सुनाउने कार्यसूची छ ।
त्यसैगरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार तोकिएको सम्बन्धी पत्रको ब्यहोरा पढेर सुनाउने कार्यक्रम रहेको छ । यसैगरी, शिक्षा विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईले विद्यालय शिक्षा विधेयक २०८० लाई पेस गर्ने कार्यसूची संसद् सचिवालयले सार्वजनिक गरेको छ ।
त्यसअघि विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि सांसद प्रेम सुवालबाट प्राप्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्ने कार्यक्रम छ ।
यसअघि पटकपटक सर्दै आएको राष्ट्रियसभाको बैठक भने असोज १८ गते बिहीबारका लागि तोकिएको छ । सरकारले संसद्लाई बिजनेस दिन नसक्दा बैठक बस्न नसकेको हो ।
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड करिब दुई साता विदेश भ्रमणमा गएकाले बैठक राखिएको थिएन ।

# अरु एक महिना डेङ्गीको डर

**मधेशदृष्टि**
**वीरगंज ।**
डेङ्गी सङ्क्रमणका बिरामी बढ्दै गएका छन् । सङ्क्रमण जोखिम अझै एक महिना उच्च रहेकाले सावधानी अपनाउन अनुरोध समेत गरिएको छ ।
लामखुट्टेको टोकाइबाट सर्ने डेङ्गी रोग यस वर्ष पनि काठमाडौँ उपत्यकासहित देशका विभिन्न ठाउँमा देखिएको छ ।
मन्त्रालयको पछिल्लो तथ्याङ्कअनुसार देशका ७६ जिल्लामा गरी यसवर्ष ३२ हजार ८ सय ९७ जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएकोमा २० जनाले ज्यान गुमाएका छन् । यसवर्ष उच्च प्रभावित पाँच जिल्ला सुनसरी, झापा, धादिङ, मोरङ र तनहुँ छन् । त्यसमा पनि १६ हजारभन्दा धेरै सुनसरीमा सङक्रमित भएका छन् । डेङ्गी लागेमा ज्वरो आउने, असाध्यै टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, टाउको, पेट, ढाड, जोर्नी तथा मांसपेशी दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, नाक वा गिजाबाट रगत बग्ने, बेहोस हुने जस्ता लक्षण देखिन्छ । अघिल्लो वर्ष सन् २०२२ मा ५४ हजार ७८ जनामा डेङ्गीको सङ्क्रमण पुष्टि हुँदा ८८ जनाको ज्यान गएको थियो ।

# देशभरका गणित शिक्षकलाई प्रशिक्षण प्रशिक्षक तालिम




**रासस**
**काठमाडौँ ।**
नेपाल गणित समाजको दोस्रो चरणको प्रशिक्षक प्रशिक्षण आजदेखि सुरु भएको छ । देशका सातै प्रदेशबाट प्रतिनिधित्व हुनेगरी ५१ गणित शिक्षकलाई प्रशिक्षण दिन सुरु गरिएको हो ।
आजदेखि असोज २३ गतेसम्म अनलाइनबाट र २६ देखि २९ गतेसम्म भौतिक उपस्थितिमा प्रशिक्षण दिन लागिएको सहजकर्ता सुस्मिता पाठकले जानकारी दिए । उनका अनुसार माध्यमिक तहका कक्षा ९ देखि १२ सम्मका गणितका महत्वपूर्ण पाठ्यवस्तु र त्यसको अध्ययन अध्यापनलाई प्रभावकारी र उपादेयतापूर्ण कसरी बनाउने भन्ने विषयमा प्रशिक्षण दिइनेछ ।
सहभागीलाई छ अलगअलग समूहमा विभाजन गरी शैक्षिकशैली सिकाइनेछ भने उहाँहरूलाई पनि प्रस्तुतीकरण तथा परीक्षाका शृंखला समावेश गराइने तालिमका संयोजक डा जीवन काफ्लेले बताए । यसबाट सिकाइ थप प्रभावकारी हुने विश्वास लिइएको उनको भनाइ थियो ।
निक सिमोन्स फाउन्डेसनको सहयोगमा विगत केही वर्षदेखि समाजले गणितको अध्ययनअध्यापन तथा अनुसन्धानसँग सम्बन्धित कार्यक्रम तथा गतिविधि सञ्चालन गरिरहेको छ । हाल गणितको अध्ययन अध्यापनमा देखिएका समस्या, विद्यार्थीको विषयप्रतिको घट्दो रुची तथा पढ्दै गरेकाहरूले पनि उक्त तह पूरा नगर्ने, बीचैमा विषय बदल्ने गरेको वर्तमान अवस्थालाई मध्यनजर गरेर तालिम दिन लागिएको संयोजक काफ्लेले बताए ।
नेपाल शिक्षक महासङ्घका सभापति कमला तुलाधरले तालिमबाट प्राप्त ज्ञान कक्षा कोठासम्म पुग्ने विश्वास व्यक्त गरे । उनले यस्ता तालिमलाई पालिकास्तरसम्म पु¥याएर प्रभावकारी शिक्षण शैली विकास गर्नुपर्नेमा जोड दिए ।
समाजले गत वर्ष पनि यस्तै प्रकृतिको पहिलो चरणको शैक्षिक कार्यशाला गरेको थियो । यस पटक त्रिभुवन विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय तथा एसओएसलगायत विद्यालयका करिब ३२ जना विज्ञहरूले कार्यशालाको सहजीकरण गर्नेछन् । देशभरका विभिन्न विद्यालयका गणित शिक्षकले आवश्यकता र औचित्यका आधारमा निर्देश गरेको अवधारणाअनुसार विज्ञद्वारा फरकफरक चरणमा कार्यशाला गोष्ठी तथा परिचर्चा गरिने बताइएको छ ।

# अत्यधिक गर्मीमा वर्षाले राहत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
असोज महिनाको दोस्रो साता बित्न लाग्दा पनि गर्मी घट्नुको साटो उल्टो बढिरहेको अवस्थामा शनिबार दिउँसो मधेश क्षेत्रमा भएको वर्षाले राहत महसुस भएको छ । बिहान प्रचण्ड घाम लागे पनि दिउँसो करिब १२ बजेतिर हावाहुरीसहित आएको वर्षाले अत्यधिक गर्मीले आहत भइरहेको अवस्थामा राहत दिएको हो ।
नेपालमा यस वर्षको मनसुन बाहिरिन केही दिन ढिलो हुने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । नेपालमा मनसुन बर्हिगमनको औसत मिति अक्टोबर २ तारिख रहे पनि यस वर्षको मनसुन औसत मितिभन्दा केही दिन ढिलो बाहिरिने सम्भावना रहेको महाशाखाले उल्लेख गरेको छ । महाशाखाले विशेष मौसम बुलेटिन निकालेर हाल बङ्गालको खाडीको उत्तर–पश्चिम भागमा विकास भइरहेको न्यूनचापीय प्रभावले मनसुन बर्हिगमन ढिलो हुने प्रक्षेपण गरेको हो । महाशाखाका मौसमविद् सञ्जिव अधिकारीले मनसुन बाहिरिने मिति अक्टोबर २ भए पनि वर्षा गराउने प्रणाली (न्यूनचापीय क्षेत्र) को विकास भएकाले अबको केही दिन बदली र वर्षाको सम्भावना रहेको बताए । ‘भारतको पश्चिमी भू–भागबाट मनसुन बर्हिगमनको प्रक्रिया सुरु भइसकेको छ । तर, अहिले बङ्गालको खाडीमा न्यूनचापीय क्षेत्र बनेको र त्यो अझै शक्तिशाली हुँदै उत्तर–पश्चिमतिर सर्ने क्रममा रहेकाले नेपालबाट मनसुन बाहिरिन समय लाग्ने देखिन्छ,’ उनले भने ।
मौसमविद् अधिकारीका अनुसार अहिले देशको पूर्वी क्षेत्रबाट न्यूनचापीय क्षेत्रको विकास भइरहेकाले अबको दुई÷चार दिन देशका कतिपय स्थानमा भारी वर्षाको सम्भावना रहेको छ । उनले भने, ‘पूर्वमा विकसित न्यूनचापीय प्रणाली देशको पश्चिम र सुदूरपश्चिमसम्म प्रभाव नरहन सक्छ । पूर्वी र मध्य भेगमा धेरै पानी पर्ने सम्भावना देखिन्छ ।’
महाशाखाका अनुसार आगामी तीन/चार दिनसम्म देशका धेरै स्थानमा आंशिकदेखि सामान्य बदली भई केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुनेछ । त्यस्तै कोशी, मधेश, गण्डकी र लुम्बिनी प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।
वर्षाले पहाडी भूभागमा पहिरोको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह केही बढ्नसक्ने र दैनिक जनजीवन तथा सडक, हवाई यातायातसमेत केही प्रभावित हुनसक्ने सम्भावना रहेको भन्दै आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ ।

# घडिअर्वा छठ पूजा व्यवस्थापन समितिमा कानु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको घडिअर्वा छठ पूजा व्यवस्थापन समितिको नयाँ नेतृत्व चयन भएको छ । यस वर्षको छठ पूजा आयोजना र व्यवस्थापनका लागि शनिबार बसेको स्थानीयको भेलाले दिलिप साह कानुको अध्यक्षतामा नयाँ समिति चयन गरेको हो ।
गठित नयाँ कार्यसमितिको उपाध्यक्षमा राकेश साह, सचिव लखनलाल गुप्ता, सहसचिव प्रभाकर गुप्ता ,कोषाध्यक्ष तिलक साह, सहकोषाध्यक्ष कन्हैया गुप्ता छन् । समितिको सदस्यमा नन्दु साह कानु, प्रकाश सिंह, गौरीशंकर गुप्ता, सन्तोष साह कानु, भरत साह कानु, मुन्ना साह कानु, उमा साह कानु, सुदामा वर्णवाल, घनश्याम साह, किशोरी साह, प्रणय कुमार, प्रदीप कुमार गुप्ता, राजाबाबु साह कानु, शम्भु साह कानुलगायत छन् । समितिको वरिष्ठ सल्लाहकारमा राजेन्द्र साह कानु, प्रमानन्द साह कानु, प्रमोद साह कानु, रामनगीना साह कानु, बाल्मिकी साह कानु, मदन प्रसाद कलवार, प्रेम साह कानु, हिरालाल साह कानु, वडा नम्बर १० का वडाअध्यक्ष सुशील साह कानु रहेका छन् । शनिबार गठित छठ पूजा व्यवस्थापन समितिको पहिलो बैठकले शम्भु साह कानुको संयोजकत्वमा सरसफाइ व्यवस्थापन उपसमिति, क्रान्ति शाहको संयोजकत्वमा प्रचारप्रसार उपसमिति गठन गरेको छ ।

# तस्करद्वारा सशस्त्र बलमाथि आक्रमण

**मधेशदृष्टि**
**कलैया ।**
बाराको बलिरामपुर नाकामा कपडा तस्करले शनिबार सशस्त्र प्रहरीमाथि आक्रमण गरेका छन् । कपडाको तस्करी रोक्न खोज्दा तस्करहरु सशस्त्र प्रहरीमाथि आक्रमणमा उत्रिएका हुन् ।
सशस्त्र प्रहरी सहायक निरीक्षक विश्वम्भर पासवानमाथि आक्रमण गरेर तस्करले अवैध रुपमा भारतबाट कपडा ल्याएको सशस्त्र प्रहरीले जनाएको छ । तस्करहरुको आक्रमणबाट सशस्त्र प्रहरी सहायक निरीक्षक पासवान टाउकोमा चोट लागेको छ ।
सशस्त्र प्रहरीका अनुसार उनीहरुले बिहान करिब ४ बजेको समयमा सशस्त्र प्रहरीमाथि आक्रमण गरेका थिए ।
सशस्त्र प्रहरीले करिब ९० हजार रुपैयाँ बराबरको लत्ताकपडा नियन्त्रणमा लिएको छ । कपडा नियन्त्रणमा लिने क्रममा सशस्त्र प्रहरीमाथी आक्रमण भएको हो ।

# ‘लोकतन्त्र बलियो बनाउन पत्रकारिताको भूमिका महत्वपूर्ण’



**रासस**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता एवम् पूर्वमन्त्री अर्जुन सिंह केसीले लोकतन्त्र बलियो बनाउनमा पत्रकारिताको महत्वपूर्ण भूमिका रहेको बताएका छन् । नेपाल प्रेस युनियन चितवनका संस्थापक अध्यक्ष विश्वनाथ अधिकारीको १२ औँ पुन्यतिथिमा प्रेस युनियन चितवन शाखाले आज काठमाडौँमा आयोजना गरेको शोकसभामा नेता केसीले पत्रकारितामार्फत सत्यतथ्य सूचना सम्प्रेषण गरी लोकतन्त्रलाई बलियो बनाउन सहयोग पु¥याउने बताए ।
‘सत्य, तथ्य र विश्वसनीय समाचारले मात्र लोकतन्त्र बलियो बन्नसक्छ, उत्तेजना र आवेगमा आएर कसैको चरित्रहत्या गर्नुहुँदैन,’ नेता केसीले भने । उनले प्रेस स्वतन्त्रता लोकतन्त्रको आधारभूत तत्व भएकाले यसको संरक्षणमा कांग्रेस लाग्ने प्रतिबद्धता जनाए । नेता केसीले पत्रकारिताको माध्यमबाट सञ्चारकर्मीले मुलुकको परिवेशको उजागर गरेकोमा प्रसंशा गर्दै आगामी दिनमा लोकतन्त्रको पक्षमा कलम चलाउन आग्रह गरे ।
नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले प्रेस युनियनको विकासमा स्वर्गीय अधिकारीले खेलको भूमिका अविस्मरणीय रहेको स्मरण गरे ।
स्वर्गीय अधिकारीले जुन लक्ष्य र उद्देश्यका साथ प्रेस युनियन चितवनको स्थापना गरे त्यो पूरा हुन नसकेकाले अझै पनि आफ्नो हक र अधिकारका लागि पत्रकारहरु सशक्त भएर अगाडि बढ्नुपर्ने बेला आएको उनले उल्लेख गरे ।
नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले स्वर्गीय अधिकारीले चितवनको संस्थागत पत्रकारिताको विकासमा महत्वपूर्ण भूमिका खेल्नुभएको उल्लेख गरे ।
अधिकारीले चितवनमा पत्रकारिता क्षेत्रको विकासमा ठूलो भूमिका खेलेको उनको भनाइ थियो ।
नेपाल प्रेस युनियनका निवर्तमान वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले चितवनमा पत्रकारिताको माध्यमबाट भएको परिवर्तनमा स्वर्गीय अधिकारीको ठूलो भूमिका रहेको उल्लेख गरे । कार्यक्रममा नेपाल पत्रकार महासङ्घकी सचिव सृजना अर्याल, पत्रकार महासङ्घ चितवनका अध्यक्ष नारायण अधिकारी, प्रेस युनियन चितवनका अध्यक्ष अनिल ढकाल, प्रेस युनियन चितवनका पूर्वअध्यक्ष बसन्त पराजुलीलगायतको सहभागीता थियो ।
स्वर्गीय अधिकारी चितवनबाट प्रकाशित हुने प्रवाह साप्ताहिकको प्रकाशक तथा सम्पादक थिए । वि.सं. २००४ सालमा जन्मिएका अधिकारीको वि.सं. २०८० असोज २ गते काठमाडौँमा निधन भएको थियो ।

# सोह्र श्राद्ध सुरु



**मधेशदृष्टि**
**वीरगंज ।**
शनिबारदेखि सोह्र श्राद्ध अर्थात् पितृ पक्ष सुरु भएको छ । शनिबारै प्रतिपदा र द्वितीया तिथि श्राद्ध परेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।
असोज कृष्ण प्रतिपदादेखि असोज शुक्ल प्रतिपदासम्मका सोह्रवटा तिथिमा दिवङ्गत पितृलाई तर्पण, पिण्ड र सिदादान गरिने भएकाले सोह्रश्राद्ध भनिएको हो ।
चाडपर्व, यज्ञ तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धा भक्तिकासाथ सम्झिने वैदिक सनातन हिन्दू परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिन्छ ।
सोह्रश्राद्धमा पितृले आफ्ना सन्तानबाट तर्पण, पिण्डको आश गरिरहेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ ।
यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको दायित्व पूरा हुनाका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ । पितृ पक्षको समाप्तिसँगै दुर्गा पक्ष अर्थात् बडादशैँ सुरु हुन्छ । यस वर्ष गएको साउन महिनामा अधिकमास परेकाले सोह्रश्राद्ध र बडादशैँ पछि सरेको छ ।

# सर्लाहीमा स्वागतको तयारी....

जनताका गुनासोसमेत सुन्ने र समाधानका लागि पहल गरिने अध्यक्ष लामा बताए । केन्द्रीय सदस्य लक्ष्मण पौडेलले स्थानीय स्तरमा रहेका समस्याबारे पार्टीका अध्यक्षलगायत नेताहरुसँग पत्रकार सम्मेलनमार्फत जानकारी गराइने जानकारी दिए । पार्टीकी नेतृ एवम् मधेश प्रदेश सांसद बेची लुंङ्गेलीले पार्टी अध्यक्ष माधवकुमार नेपालको नेतृत्वमा २ हजार भन्दा बढी पार्टी सदस्य समाजवादी जागरण यात्रामा सहभागी हुने बताइन् । १६ दिनसम्म चल्ने यात्राका क्रममा पार्टीका शीर्ष नेता सहभागी हुने कार्यक्रम छ । पहिलो दिन १४ असोजमा काकँडभिट्टा, बिर्तामोड, दमक, उर्लाबारी वा पथरीमध्ये एक ठाउँ, विराटचोक मोरङमा सभा हुने छ । यसैगरी, १५ गते इटहरी, इनरुवा, भारदह, राजविराजमा सभा हुनेछ । त्यस्तै, १६ असोजमा राजविराज, छिन्नमस्ता, अर्नाह, भगवानपुर, सिरहा सदरमुकाम, बन्दीपुर र यदुकुहामा सभा आयोजना हुने कार्यक्रम छ ।
१७ असोजमा जनकपुरधाममा पत्रकार सम्मेलन हुने र त्यसपछि सोही दिन जलेश्वर, ढल्केबर, बर्दिबास र सर्लाहीको लालबन्दीमा सभा हुनेछ । १८ गते रौतहटको गरुडा, हर्नैया, कलैया र वीरगंजमा सभा हुनेछ । त्यस्तै, १९ असोजमा पथलैया, हेटौँडा, मनहरी, भण्डारा र भरतपुरमा सभा आयोजना हुनेछ । २० गते कावासोती, बर्दघाट र परासी तथा २१ गते भैरहवा र बुटवलमा सभा आयोजना हुनेछ । त्यस्तै, सैनामैना, चन्द्रौटा, भालुवाङ लमहीमा २२ गते र घोराही, तुल्सीपुर र कोहलपुरमा २३ गते सभा आयोजना हुनेछ ।
२४ गते नेपालगंज, खजुरा, मैनापोखर र गुलरियामा तथा २५ गते राजापुर र टीकापुरमा त्यस्तै २६ गते लम्की, सुख्खड, अत्तरिया र धनगडी तथा २७ गते पुनर्वास, झलारी, लालपुर र महेन्द्रनगरमा तथा २८ गते छिन्चु र सुर्खेतमा सभा आयोजना हुने एकीकृत समाजवादीले जनाएको छ ।

# गाँजासहित दुई पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साबाट प्रहरीले प्रतिवन्धित लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले पर्साको बहुदरमाई नगरपालिका–९ बिश्रामपुर टोलका लोटन राउत कुर्मी र देवलाल साह कलवारलाई पक्राउ गरेको हो ।
विन्दबासिनी गाउँपालिका वडा नम्बर ५ प्रसौनीभट्टा गाउँमा प्रहरीले चेकजाँच गर्दा साइकलमा आएका दुवैजनाको साथबाट चार किलो गाँजा बरामद गरिएको पर्साका प्रहरी प्रवक्ता डिएसपी कुमार बिक्रम थापाले जानकारी दिए ।
पक्राउ परेका उनीहरुविरुद्ध लागुऔषध सम्बन्धित कसुर मुद्दामा जिल्ला अदालतबाट सात दिनको म्याद थप गराई अनुसन्धान भइरहेको प्रवक्ता थापाले बताए ।

# प्रधानमन्त्रीको चीन भ्रमण आर्थिक दृष्टिले फलदायीः ढकाल



**रासस**
**छन्दु ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को चीन भ्रमण आर्थिक दृष्टिले फलदायी भएको नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताएका छन् ।
प्रधानमन्त्री दाहालको भ्रमण दलमा निजी क्षेत्रका तर्फबाट सहभागी ढकालले चीनको छन्दु सहरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै यस भ्रमणका क्रममा नेपालमा चिनियाँ लगानी बढाउनुका साथै अन्य आर्थिक सम्भावनाको खोजी गरिएको बताए । भ्रमणको सुरुमै चीनको राजधानी बेइजिङमा नेपाल उद्योग वाणिज्य महासङ्घको आयोजनामा चिनियाँ व्यवसायीहरूको संस्था सिसिपिआइटी सम्मिलित ‘बिजनेस समिट’ सम्पन्न भएको थियो । समिटमा चिनियाँ लगानीकर्तासहित नेपाल चेम्बर अफ कमर्स र नेपाल उद्योग परिसङ्घलगायत नेपालका निजी क्षेत्रका प्रतिनिधिहरू पनि सम्मिलित भएका थिए । समिटमा नेपाल र चीनका प्रतिष्ठित व्यवसायीहरूको सहभागिता हुनु र चीनसँग संयुक्त लगानीका लागि केही सम्झौता हुनुलाई अध्यक्ष ढकालले नेपालमा चिनियाँ लगानी भिल्याउन गरिएको प्रयासका रूपमा लिएका छन् । उनले भने, ‘निकै लामो समयदेखि हामी नेपाल र चीनका उद्योगी व्यवसायीहरू एक ठाउँमा बसेर द्विपक्षीय व्यापार र लगानीका विषयमा कुराकानी गर्न पाएका थिएनौँ । यसपटक हामीले दुई देशका उद्योगी व्यवसायी एवं लगानीकर्ताको सम्मेलन नै गरेका छौँ र नेपालमा चिनियाँ लगानी भिल्याउनका लागि पहल गरेका छौँ ।’
समितमा चिनियाँ उद्योगी व्यवसायीहरूको संस्था सिसिपिआइटीमा आबद्ध एक सयभन्दा बढी उद्योगी व्यवसायीहरूको सहभागिता थियो । सम्मेलनमार्फत उनीहरूले नेपालमा लगानीको सम्भावना र अवस्थाका बारेमा जानकारी लिएका थिए । ‘हामीले सम्मेलनमार्फत चिनियाँ व्यवसायीलाई नेपालमा लगानीका सम्भावना देखाइदिएका छौँ । प्रधानमन्त्रीले पनि नेपालमा लगानीका लागि अपिल गर्नुभएको छ’, अध्यक्ष ढकालले भने, ‘प्रधानमन्त्रीले नेपालमा चिनियाँ लगानीको सुरक्षा र सहयोगको प्रतिबद्धता पनि व्यक्त गरेका छन् । नेपालमा लगानीका लागि चिनियाँ लगानीकर्ता पनि उत्सुक देखिएकाले यो भ्रमण आर्थिक दृष्टिले फलदायी रहेको महसुस मैले गरेको छु ।’
सम्मेलनमा नेपालका तर्फबाट प्रधानमन्त्रीसहित विभिन्न मन्त्री र चीनका तर्फबाट वाणिज्य उपमन्त्री सहभागी भएका थिए । चिनियाँतर्फबाट आफ्ना धारणा राख्ने क्रममा सिसिपिआइटीका प्रतिनिधि र चिनियाँ मन्त्रीले नेपालमा लगानीका प्रशस्त सम्भावना आफूहरूले देखेको र नेपालमा उत्पादित वस्तुको बजार चीन नै हुनसक्ने बताएका थिए । सम्मेलनपछि व्यक्तिगत रूपमा पनि चिनियाँ उद्योगी व्यवसायीहरूले नेपालमा लगानीका लागि आउने विषयमा चासो व्यक्त गरेको बताउँदै अध्यक्ष ढकालले नेपालमा विदेशी लगानीको सुरक्षाको सुनिश्चितता गरिएको जानकारी गराएका थिए ।


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## गजेन्द्र नारायण सिंह अस्पताल

राजविराज सप्तरी ।

**आधिकारिक प्रतिनिधि (विक्रेता) मा सूचिकृत हुन र दररेट पेश गर्ने बारे सूचना**

**प्रथम पटक प्रकाशित मिति :- २०८०।०६।१४ गते**

यस अस्पतालको ल्याव र एक्स-रे शाखामा रहेको निम्न अनुसारका मेशिनरी उपकरणमा प्रयोग हुने केमिकल तथा किटहरु प्रोप्राइटरी मालसमानहरु (Close item) को रुपमा आ.व. २०८०/०८१ मा खरिद गर्नका लागि सम्बन्धि उत्पादनक कम्पनिका आधिकारिक विक्रेता (प्रोप्राइटरहरु) को सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ४१ को १ (ग) एवम सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (६) बमोजिम सूचिकृत हुन ईच्छुक कम्पनि / फर्महरुले नविकरणसहितको फर्म दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, सम्बन्धित कम्पनिको आधिकारिक विक्रेता पत्र, आधिकारिक विक्रेता (प्रोप्राईटरहरु पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु सहित उल्लेखित मेशिनमा लाग्ने केमिकल तथा किटहरुको दररेटसहित सूचना प्रकाशित मितिले १५ दिनभित्र कार्यालय खुलेको समयमा तथा १५ औ दिनको १२ बजे भित्र यस गजेन्द्र नारायण सिंह अस्पतालमा खाम बन्दी गरी दर रेट दर्ता गर्नु हुन सबैका लागी यो सुचना प्रकासन गरिएको छ ।

| S.N. | NAME OF EQIUPEMENT |
|---|---|
| 1. | Haematology Analyzer 5 Part Dymond |
| 2. | Haematology Analyzer 5 Part Medonic |
| 3. | Haematology Analyzer 5 Part Macura F560 |
| 4. | Fully Automatic Electrolyte Analyzer Curelyte |
| 5. | Fully Automatic Electrolyte Analyzer Caretium |
| 6. | Biochemistry Analyzer (Roche Cobas C111) |
| 7. | Biochemistry Fully Automatic Analyzer (Zybio EXC 200) |
| 8. | Roche Cobas E411 ECL Based Technology Immonoassy Analyzer |
| 9. | Protine Analyzer (Genrui PA 54) |
| 10. | X-Ray Film CR System TRIMAX TXE Laser Imaging Film |
| 11. | X-Ray Film DR System Konica Dry Pro.SD-S |

| S.N. | NAME OF EQIUPEMENT |
|---|---|
| 12 | C.T.Scan Film TRIMAX TXE. Laser Imaging Film14*17 |
| 13. | Agapee Haematology Analyzer Three Part |
| 14. | Electrolyte Analyzer HDC Lyte |
| 15. | Fully Automated Clinical Chemistry Analyzer |
| 16. | Maccura _i1000 Automatic Chemiluminescence Analyzer |
| 17. | Fully Automated Blood Culture System( Bactalert 3D 120,) (Biomerieux) |
| 18. | Urin Analyzer (AVE 772) (AVE Science Technology) |
| 19. | Antibiotic & Anti Fungal Sensitivity System ( Vitec 2 Compact 60) (Biomerieus) |
| 20. | Vision ESR Analyzer |
| 21. | GH 900 Plus HPLC Analyzer |

उल्लेखित सामान आपुर्ति गर्ने एक भन्दा बढि सोहि कम्पनिका आधिकारिक बिक्रेता दररेट पेश हुन आएमा आईटमवाईज मूल्याङ्कन गरि कम दररेट कवोल गर्ने आपूर्तिकर्तासँग सम्झौता गरि सामान आपूर्तिको व्यवस्था गरिनेछ । आवश्यक कागजात पेश नगरेको र म्याद नाघि आएका निवेदन उपर कुनै कारवाहि गरिनेछैन । विस्तृत जानकारीको लागि यस अस्पतालमा सम्पर्क राख्न सकिनेछ । साथै फर्म पर्न आएको दररेट स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार यस अस्पतालको रहने छ र रद्द गर्ने अधिकार यस कार्यालयको रहनेछ ।

(डा.प्रकाश प्रसाद शाह)
प्र.मे.सु.


# चीन भ्रमण पूर्णरुपमा सफलः प्रधानमन्त्री

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले चीनको औपचारिक भ्रमण द्विपक्षीय सम्बन्ध विस्तारमा केन्द्रित रहेको र पूर्णरुपमा सफल भएको बताएका छन् । संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभा र चीनको साताव्यापी भ्रमण पूरा गरी शनिबार स्वदेश फर्किएका प्रधानमन्त्री दाहालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा भने, ‘मेरो चीन भ्रमणले दुई देशबीचको आपसी विश्वासको वातावरणलाई थप सुदृढ गर्दै दुवै मुलुकबीच रहिआएको ऐतिहासिक सम्बन्धको समग्र पक्षलाई थप प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेलेको विश्वास लिएको छु ।’ नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री दाहाल यही सेप्टेम्बर १७ देखि २१ सम्म संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभा भाग लिन अमेरिकाको न्यूयोर्क प्रस्थान गरेका थिए । महासभामा सहभागी भई प्रधानमन्त्री दाहाल त्यतैबाट जनवादी गणतन्त्र चीनको भ्रमणमा गएका थिए । जानुभएको थियो । चीनका प्रधानमन्त्री लि छियाङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री दाहालले यही सेप्टेम्बर २३ देखि ३० सम्म मित्रराष्ट्र चीनको औपचारिक भ्रमण गरेका हुन् । प्रधानमन्त्री दाहाल चीनको हाङझाउमा आयोजित १९औँ एशियाली खेलकुदको उद्घाटन समारोहमा पनि सहभागी भए । खेदकुदको उद्घाटन समारोह अघि चिनियाँ राष्ट्रपति सी चिनफिङसँग प्रतिनिधिमण्डलस्तरमा वार्ता भएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले भने, ‘राष्ट्रपति सी चिनफिङसँग अत्यन्त हार्दिक र सौहार्दपूर्ण वातावरणमा भएको द्विपक्षीय वार्तामा दुवै देशमा विद्यमान अवसर र सम्भावनाको भरपुर सदुपयोग गर्दै आपसी सम्बन्धलाई थप दरिलो बनाउने विषयमा सघन छलफल भयो ।’ चीनका राष्ट्रपति सि चिनपिङले गरेको नेपाल भ्रमणपछि प्रधानमन्त्री स्तरमा नेपालबाट गरिएको यो पहिलो उच्चस्तरीय भ्रमण भएको उनको भनाइ छ । ‘कोभिड–१९ महामारीका कारण लामो समयदेखि उच्चस्तरमा भ्रमण नभइरहेका सन्दर्भमा मेरो चीन भ्रमणले दुई देशबीच आपसी विश्वासको वातावरणलाई थप सुदृढ गर्दै दुवै मुलकबीच रहिआएको ऐतिहासिक सम्बन्धको समग्र पक्षलाई थप प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेलेको विश्वास लिएको छु’, प्रधानमन्त्री दाहालले भने । भ्रमणका दौरान चीनका राष्ट्रपति र प्रधानमन्त्रीसँग भएका छलफलबाट नेपाल–चीन सम्बन्धलाई थप उचाइ दिन मद्दत पुगेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले विगतमा भएका समझदारीको कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त भएको जानकारी दिए । दुई देशबीचको रहेको बहुआयामिक सम्बन्धलाई अझ प्रगाढ बनाउने सम्बन्धमा विचारको स्पष्ट आदानप्रदान हुनुका साथै नेपालको विकास प्रयासमा चीनको साथ र सहयोगका सम्बन्धमा खुलेर कुरा भएको प्रधानमन्त्री दाहालको भनाइ छ । ‘नेपाल सदैव एक चीन नीतिमा प्रतिबद्ध रहँदै आएको छ’, प्रधानमन्त्री दाहालले भन्नुभयो, ‘विषयलाई पुनःपुष्टि गर्दै नेपाल–चीनबीचको सम्बन्ध पञ्चशीलको सिद्धान्त, असल मित्रता, आपसी साझेदारी र सम्मान तथा अन्तर्राष्ट्रिय मूल्यमान्यता र कानुनमा आधारित रहने र भविष्यमा यो सम्बन्धलाई अझ दरिलो, अझ प्रगाढ र अझ उचाइमा लैजाने दिशातर्फ दुवै पक्षले गर्नुपर्ने कार्यका बारेमा छलफल भयो ।’ चीनले गरिबी निवारण र आर्थिक समृद्धिका क्षेत्रमा हासिल गरेको अद्वितीय सफलतालाई असल अभ्यासका रुपमा लिइ चीनसँगको व्यापार, लगानी, अन्तरदेशीय यातायात सञ्जाल र आर्थिक सामाजिक साझेदारी वृद्धि गर्दै लैजाने दिशातर्फ हाम्रो सम्बन्ध केन्द्रित रहनुपर्ने विषयमा आफूले राखेको धारणाप्रति चिनियाँ राष्ट्रपतिले चीनको पूर्ण समर्थन रहने बताएको प्रधानमन्त्री दाहालको भनाइ छ । भेटमा नेपाल–चीनबीचको जनस्तरको सम्बन्धलाई प्रगाढ बनाउन पोखरा र भैरहवास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा चीनबाट सोझै हवाई उडानका लागि दुई देशका उड्डयन निकायबीच सहकार्य गर्न प्रोत्साहन गर्ने बारेमा सकारात्मक छलफल भएको प्रधानमन्त्री दाहालले उल्लेख गरे । असल मित्रका रूपमा दुई देशबीच भएका समझदारी अन्तर्राष्ट्रिय मूल्यमान्यता र सिद्धान्तमा आधारित भई अगाडि बढाउने विषयमा कुराकानी भएको उनले जानकारी दिए । भ्रमणका क्रममा यही सेप्टेम्बर २४ मा चीनको राजधानी बेइजिङमा आयोजित नेपाल चीन व्यापार सम्मेलनलाई सम्बोधन गर्दै नेपालमा लगानीको उपयुक्त वातावरण रहेकाले नेपालका प्राथमिकताका क्षेत्रमा लगानी गर्न चिनियाँ निजी लगानीकर्तालाई आह्वान गरेको प्रधानमन्त्री दाहालले जानकारी दिए । सम्मेलनमा आफूले नेपालमा लगानीको प्रचुर सम्भावना रहेको र ती सम्भावनालाई मूर्तरूप दिन र लगानी संरक्षण गर्न नेपाल सरकार प्रतिबद्ध रहेको जानकारी गराएको उनको भनाइ छ । सम्मेलनमा चीन सरकारका प्रतिनिधिको सकारात्मक सन्देश र उद्योगी व्यापारीको उत्साहजनक सहभागिता थियो । नेपाली राजदूतावासमा नेपाली र नेपालका शुभेच्छुक चिनियाँहरु सहभागिता रहेको स्वागत समारोहमा सरिक भई आफूले नेपाल–चीन सम्बन्धको वर्तमान अवस्था र सम्बन्ध सुदृढ गर्न सरकारले चालेका कदमका बारेमा जानकारी गराएको उनको भनाइ छ । दुई देशबीच समझदारीको कार्यान्वयनलगायत सम्बन्ध विस्तारका समग्र पक्षमा सक्रियरूपमा काम गर्न दूतावासलाई प्रधानमन्त्रीको हैसियतमा निर्देशन आफूले दिएको उनले उल्लेख गरे । चिनियाँ समकक्षी लि छियाङसँग प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्ताका क्रममा सहकार्यका विविध विषयमा सविस्तार छलफल भएको र त्यसबारेमा दुई देशबाट जारी संयुक्त वक्तव्यमा समेत स्पष्ट जानकारी भइसकेको प्रधानमन्त्री दाहालको भनाइ छ । द्विपक्षीय वार्ता नेपालको उत्तरी सीमा क्षेत्रमा चीनतर्फबाट प्रसारण लाइन निर्माण, नेपाल र चीनको सिमानामा रहेको भूभागमा केन्द्रीय विद्युत् प्रसारण प्रणालीबाट विद्युत्को पहुँच पुर्‍याउन नसकिने स्थानमा सौर्य प्रणाली जडान, विभिन्न स्थानमा सडक निर्माण तथा स्तरोन्नति, स्वास्थ्य तथा कृषि क्षेत्रमा सहयोग विस्तार, कोभिडपछि अवरुद्ध परम्परागत सीमा नाकाको पुनःसञ्चालन, नेपालतर्फ पूर्वाधार निर्माण, अत्याधुनिक प्रयोगशाला निर्माणजस्ता पूर्वाधार विकासका बारेमा केन्द्रित भएको प्रधानमन्त्री दाहालले जानकारी दिए । यस्तै, विज्ञान र प्रविधिका क्षेत्रमा सहकार्य गर्दै द्विपक्षीय व्यापार विस्तार गर्ने, पोखरा तथा भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा चिनियाँ सहरबाट हवाई सेवा विस्तार गर्नेलगायतका विषयमा समेत गहन छलफल भएको उनको भनाइ छ । पत्रकार सम्मेलनमा प्रधानमन्त्री दाहालले वाचन गरेको विज्ञप्तिअनुसार नेपालको आवश्यकताअनुसार चिनियाँ पक्षले अरनिको राजमार्गको मर्मत परियोजनाको चौथो चरण सुरु गर्ने भएको छ । त्यसैगरी स्याफ्रुबेँसी रसुवागढी सडक मर्मतका लागि चिनियाँ पक्ष तयार भएको छ । भ्रमणपछि हिल्सा सिमिकोट सडकको सम्भाव्यता अध्ययन अघि बढाउन दुवै देश सहमत भएका छन् । दुवै देश टोखा छहरे सुरुङमार्गको सम्भाव्यता अध्ययनलाई तीव्र गतिका साथ अगाडि बढाउन पनि सहमत भएका छन् । साथै काठमाडौँ चक्रपथ परियोजनाको दोस्रो चरणको बिस्तार योजनालाई अघि बढाउने, नेपाल–चीन रेल्वे सहयोगका लागि कार्यदलको आठौँ बैठक छिट्टै आयोजना गर्ने सम्बन्धमा छलफल भएको प्रधानमन्त्री दाहालको भनाइ छ ।

**यी हुन् चीनसँग भएका समझदारी**
भ्रमणका क्रममा नेपाल र चीनबीच विभिन्न समझदारीमा हस्ताक्षर भएको छ । दुई देशका सम्बन्धित अधिकारीबाट हस्ताक्षर भई आदानप्रदान भएका ती समझदारीमा हिल्सा– सिमिकोट सडक परियोजना र नेपाल–चीन पावर ग्रीड इन्टरकनेक्सन परियोजना रहेको छ ।
शिक्षा, विज्ञान तथा नवीनताका क्षेत्रमा सहकार्य, नेपालको राष्ट्रिय योजना आयोग र जनवादी गणतन्त्र चीनको राष्ट्रिय विकास तथा सुधार आयोगबीच सहकार्य गर्ने विषयमा समझदारी भएको छ । त्यस्तै, कृषि, पशुपन्छी तथा मत्स्यपालनका क्षेत्रमा सहकार्य, शास्त्रीय महत्वका ग्रन्थको अनुवाद र प्रकाशन, हरित तथा न्यून कार्बन विकासका क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । डिजिटल अर्थतन्त्रका क्षेत्रमा सहकार्य गर्ने, व्यापार तथा भुक्तानीसम्बन्धी सहमतिको समीक्षा तथा परिवर्तनका लागि संयुक्त कार्यदल गठनसम्बन्धी समझदारीसमेत भएको छ ।
त्यस्तै, वनस्पतिमा आधारित औषधिजन्य सामग्री नेपालबाट चीनमा निर्यात गर्ने, चिनियाँ पक्षबाट विपद् राहत सामग्री हस्तान्तरणसम्बन्धी पत्रको आदानप्रदान भएको छ । चिनियाँ सरकारबाट उपलब्ध गराइएका विभिन्न सामग्री हस्तान्तरण र नेपाली सरकारी कर्मचारीलाई तालिम प्रदान गर्ने सम्बन्धीपत्रको आदानप्रदान भ्रमणका क्रममा भएको छ ।
मुस्ताङको कोरला नाका खोल्नुका साथै किमाथाङ्का र ओलाङ्चुङ्गोला नाका पनि चाँडै सञ्चालनमा ल्याउने विषयमा द्विपक्षीय छलफल भएको छ । मुस्ताङको कोरला नाकामा पूर्वाधार निर्माणका लागि चिनियाँ पक्षले सहयोग प्रदान गर्ने भएको छ ।
तिब्बत र नेपाललाई रेल, सडक, हवाई सेवा, विद्युत् प्रसारण लाइन, सूचनामार्ग सबै क्षेत्रबाट जोडेर हिमालय सीमापार बहुआयामिक सम्पर्क सञ्जालको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्ने तथा ल्हासाबाट काठमाडौँ हवाई सेवा पुनः सञ्चालन गर्नसमेत चिनियाँ पक्षलाई अनुरोध गरिएको प्रधानमन्त्री दाहालले जानकारी दिए ।
सेप्टेम्बर २५ मा प्रधानमन्त्री दाहाल र चीनको राष्ट्रिय जनकङ्ग्रेसका अध्यक्ष झाओ लेजीबीच भेटवार्तामा भएको थियो । अध्यक्ष झाओ लेजीले नेपाल र चीनको सम्बन्धलाई प्रगाढ बनाउँदै लैजान राष्ट्रिय जनकङ्ग्रेसले पनि महत्वपूर्ण भूमिका खेल्ने कुरा बताएका थिए । दुई देशको संसद्बीच कानुन निर्माणको अभ्यास र अनुभव आदानप्रदानबाट दुवै देश लाभान्वित हुने विषयमा आफूले जोड दिएको प्रधानमन्त्रीको भनाइ छ ।

**यस्तो रह्यो प्रधामन्त्रीको संयुक्त राष्ट्रसङ्घको कार्यक्रम**
संयुक्त राष्ट्रसङ्घको चालु ७८औँ महासभाको उच्चस्तरीय सत्रको जनरल डिबेटमा सेप्टेम्बर २१ मा प्रधानमन्त्रीले नेपालकोतर्फबाट सम्बोधन गरे । सम्बोधनमा उनले नेपालको शान्ति प्रक्रिया र त्यसलाई ठोस निष्कर्षमा पुर्याउन अन्तर्राष्ट्रिय समुदायको सहयोग, जलवायु परिवर्तन तथा यसले गर्दा नेपाललगायत अल्पविकसित देशमा पारेका प्रभाव र त्यसका निराकरणका उपाय, हिमाली राष्ट्रका समस्या, दीगो विकासका लक्ष्य प्राप्तिमा अल्पविकसित राष्ट्रका समस्या प्रस्तुत गरेका थिए । ती समस्या समाधानमा साधनस्रोतको व्यवस्थाका लागि विश्व समुदायको गम्भीर ध्यानाकर्षण गराएको प्रधानमन्त्री दाहालले बताए । सम्बोधनमा प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घको बडापत्रमा नीहित सिद्धान्त र उद्देश्यप्रति नेपालको अटुट प्रतिबद्धता दोर्होयाउँदै विश्वशान्ति, सद्भाव तथा विकासका क्षेत्रमा संस्थाको भूमिकालाई अझ सशक्त बनाउनुपर्ने धारणा राखे । संयुक्त राष्ट्रसङ्घको समयानुकूल सुधार तथा पुनःसंरचनामा जोड दिएका प्रधानमन्त्री दाहालले अतिकम विकसित तथा भूपरिवेष्टित राष्ट्रका समस्याप्रति विश्वको ध्यानाकर्षण गराएका थिए । ती राष्ट्रको विकासका लागि अन्तर्राष्ट्रिय सहयोग, प्रविधि हस्तान्तरण र लगानीका माध्यमबाट गरिबी तथा असमानता हटाउँदै जानुपर्ने विषयमा उनले विशेष जोड दिएका थिए । उनले समकालीन विश्वका प्रमुख मुद्दाहरू, मानवअधिकार, आतङ्कवाद तथा निःशस्त्रीकरणबारे नेपालको दृष्टिकोण प्रस्तुत गरेका थिए ।
सेप्टेम्बर १८ मा आयोजित दिगो विकाससम्बन्धी शिखर सम्मेलनलाई अतिकम विकसित राष्ट्रहरूको समूहको अध्यक्षको हैसियतमा उनले सम्बोधन गरे । सम्बोधनमा नेपाललगायत अतिकम विकसित राष्ट्रले दिगो विकासका लक्ष्यको प्राप्तिमा भोगेका समस्या र त्यसको समाधानका लागि दोहा कार्ययोजनालाई मूर्त रुप दिन तथा विकास साझेदारबाट स्रोतसाधन र प्राविधिक सहयोग उपलब्ध हुनुपर्ने कुरामा विशेष जोड दिएका थिए ।
त्यस्तै, सेप्टेम्बर १९ को साँझ संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेनले आयोजना गरेको जलपान समारोहमा अमेरिकी राष्ट्रपतिसँग नेपाल र अमेरिकाबीचको सम्बन्धको विषयमा सङ्क्षिप्त कुराकानी भएको थियो ।
सेप्टेम्बर २० मा आयोजित अतिकम विकसित राष्ट्रको समूहको अध्यक्षको हैसियतमा सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले जलवायु परिवर्तनले नेपाललगायत अतिकम विकसित राष्ट्रमा पारेको प्रभावका बारेमा गम्भीर ध्यानाकर्षण गराएका थिए ।
अन्तर्राष्ट्रिय समुदायले जलवायु वित्तको विषयमा गरेका प्रतिबद्धता पूरा गर्न र जलवायु परिवर्तनको चपेटामा परेका नेपाललगायतका राष्ट्रलाई सहज वित्तीय पहुँचको व्यवस्था गर्न प्रधानमन्त्री दाहालले ध्यानाकर्षण गराएका थिए ।
जलवायु परिवर्तनसम्बन्धी नेपालले अपनाएका नीति र लक्ष्यबारे विश्वसमुदायलाई अवगत गराउँदै प्रधानमन्त्री दाहालले नेपालले हासिल गरेका उपलब्धि एवं जलवायु अनुकूलनमा पुर्याएको योगदान विश्व समुदायलाई जानकारी गराए ।
संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागिताका अतिरिक्त प्रधानमन्त्री दाहालले साइडलाइनमा विभिन्न राष्ट्रका राष्ट्र प्रमुख, सरकार प्रमुख तथा राष्ट्र सङ्घीय उच्च अधिकारीसँग द्विपक्षीय भेटवार्ता गरेका थिए ।
संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टियो गुटेरससँगको भेटवार्तामा नेपालले शान्ति प्रक्रियामा गरेको प्रगति, नेपालमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि संयुक्त राष्ट्रसङ्घको सहयोग, संयुक्त राष्ट्रसङ्घको विकास र सुदृढीकरणमा नेपालको समर्थन तथा संयुक्त राष्ट्रसङ्घअन्तर्गत शान्ति स्थापनामा पुर्‍याएको योगदानका विषयमा छलफल भएको थियो । सोही क्रममा प्रधानमन्त्री दाहालले महासचिवलाई नेपाल भ्रमणको लागि पुनःआमन्त्रण गरेका थिए ।
यस्तै, श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमसिङ्गे, दक्षिण कोरियाका राष्ट्रपति, नर्वेका प्रधानमन्त्री, विश्वस्वास्थ्य सङ्गठनका महानिर्देशक, भूपरिवेष्टित मुलुक, अतिकम विकसित मुलुक एवं साना टापु मुलुकका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालयका उपमहासचिव रबाब फतिमासँग द्विपक्षीय भेटघाट र आपसी हितका विषयमा पनि प्रधानमन्त्री दाहालले छलफल गरेका थिए ।
महासभाको साइडलाइनमा परराष्ट्रमन्त्री एनपी साउदले रोमानियाका परराष्ट्रमन्त्री, सर्वियाका उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, फिनल्यान्डका विकास सहायतामन्त्री, क्रोएशियाका परराष्ट्रमन्त्री र माल्दिभसका परराष्ट्र राज्यमन्त्रीलगायतसँग छुट्टाछुट्टै भेटवार्ता गरेका थिए । त्यस अवसरमा द्विपक्षीय सम्बन्धका विभिन्न पक्षहरूमा छलफल र बहुपक्षीय मञ्चमा आपसी सहयोग अभिवृद्धिका बारेमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

**नेपाल र चीनबीचका सबै नाका खोल्ने सहमति भएको छः प्रधानमन्त्री**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले कोरोना महामारी सुरु हुनुभन्दा अगाडि सञ्चालनमा रहेका नेपाल र चीनबीचका सबै नाका खोल्ने सहमति भएको बताएका छन् । चीनको औपचारिक भ्रमण पूरा गरी शनिबार स्वदेश फर्किएका प्रधानमन्त्री दाहालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारमाझ परम्परागत ढङ्गले उत्तरी सीमा क्षेत्रमा स्थानीयरुपमा प्रयोग गरेका नाका प्राविधिक र आवश्यक तयारी पूरा गरेर सञ्चालनमा ल्याउन दुई देशबीच सहमति भएको जानकारी दिए । केही नाकालाई व्यवस्थित गर्नेबारेमा चीन सरकारले अनुदान उपलब्ध गराउने वचन दिएको प्रधानमन्त्री दाहालको भनाइ छ । ‘वैधानिक ढङ्गले सबै नाका खोल्ने सहमति भएको छ । केही नाका अनुदानमा बनाइदिन्छौँ भन्ने सहमति भएको छ’, उनले भने । यस्तै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनबारेमा पनि महत्वपूर्ण छलफल भएको उनले जानकारी दिए ।
आन्तरिकरुपमा पनि केही तयारी गर्नुपर्ने देखिएको उल्लेख गर्दै उनले चीनको छन्दुबाट सहजै द्विपक्षीय उडान हुने बताए । चीनका अन्य सहरबाट पनि आवश्यक प्रक्रिया पूरा गरेर हवाई उडानलाई नियमित गर्नेबारेमा छलफल भएको प्रधानमन्त्री दाहालको भनाइ छ । आफू देश बाहिर रहँदा कार्यवाहक प्रधानमन्त्रीको हैसियतमा उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले शिक्षक, स्वास्थ्यकर्मीलगायतले राख्दै आएको गुनासो सम्बोधन गरेकामा प्रधानमन्त्री दाहालले धन्यवाद दिए ।

एउटा उत्कृष्ट कुरा सिंहबाट सिक्र सकिन्छ,
जो व्यक्ति जे पनि गर्न चाहन्छ, त्यसलाई
मनबाटै र जोडदार प्रयासका साथ गर ।

-विदुर नीति

## सम्पादकीय

## ॐ गायव, गौहत्या प्रदर्शन र मौनता

नेपाली शब्दकोशबाट 'ॐ' हटाउने काम भयो भनेर काठमाडौँमा आलोचना भइरहेको छ । यसले देशभर चर्चा बटुलिरहेको छ । संस्कृत भाषा सिध्याउने काम जनयुद्धकालमै भयो । त्यसैको नतिजा अहिले हामी नराम्रो अंग्रेजी बोल्न सक्छौँ, न नेपाली लेख्न सक्छौँ । संस्कृत भाषा त समझमै छैन । संस्कृत सबै भाषाको जननी भएकाले संरक्षण गरिनुपथ्र्यो तर पश्चिमाको हावा लागेर अनि नदेखिने गरी आउने अनुदानले पक्कै संस्कृतका पुस्तक पोल्न मदत पुग्यो । त्यसको नतिजा ५० को दशको उत्तराद्र्ध यता झण्डै २५ वर्ष हामीले संस्कृत भाषा बिर्सियौँ र आज नेपाली भाषा ठिमाहा भएको छ । न नेपाली शुद्ध छ, न अंग्रेजी पूर्ण छ । यसरी भाषामाथि प्रहार गर्ने क्रममा झर्रो नेपालीका नाममा केही बुद्धिजीबी फेरि हलन्त अभियानमा लागे । सबै अक्षर पूरा लेख्ने र जुन अक्षर आधा हो, त्यसमा हलन्त दिने । यो हलन्त अभियानले बोर्डिङ स्कुल पढ्नेहरुको दिमाग यसरी खराब बनाइदियो कि, नेपाली अंक त एसइइ पढेकाले पनि कण्ठ गर्ने र बोल्ने स्थिति बनेन । विरोध भयो, फेरि पुरानै भाषा भनेर ल्याइयो । यसरी नेपाली भाषामाथि लगातार प्रहार भइरहेको पीडा अन्ततः शब्दकोषबाट ॐ हटाउनेमा पुग्दासमेत हामीले थाहा पाएनौँ ।

यतिखेर देशभर गौहत्याको विरोध भइरहेको छ । खासगरी प्रदेश नम्बर १ मा पहिचानका आधारमा नामकरण हुनु पर्ने आन्दोलनपछि त्यहाँ कोशीका नाममा विरोध भयो । आन्दोलनकर्मीको मृत्युसमेत भयो । यो प्रकरण लम्बिँदा राजनीतिक अस्थिरताको आगोमा रोटी सेक्न चाहने स्वार्थ पूरा नहुने अवस्था बन्यो । दैनिक जनतालाई राजनीतिका नाममा सडकमा उराल्न सक्ने अवस्था पनि बनेन । यसपछि सुरु भयो धर्मका आडमा शक्ति प्रदर्शन । नेपाल धर्म निरपेक्ष मुलुक हो । संविधान संशोधनको एजेन्डा उठिरहन्छ । उठेकै छ । तर धर्म निरपेक्षका नाममा गाईको मासु खाने परम्परालाई पर्वका रुपमा बढावा दिन केही पढेलेखेकैहरु हौसिए । नेपालको कानुनमा बर्जित भनिएको कुरामा राज्यले एक्सन लिनै पर्छ । लिएको हो । तर यसलाई राजनीतिक मसला हालेर धर्मका नाममा बहुमतमाथि प्रहार गरेर फेरि साम्प्रदायिक हिंसाको आगो सल्काउने प्रयास भयो । मुलुक धर्म निरपेक्ष हो, हरेक मुलुकको राष्ट्रिय जनावर छ । नेपालमा हिन्दूमत बढी छ । राष्ट्रिय जनावर गाई राखिएको छ । यसमा कसैको आपत्ति नहोला । तर गाईको मासु खान वर्जित छ । यो कानुन बनाउने बेला सबै जातजाति, धर्मका सांसदहरु हुनुहुन्थ्यो, उहाँहरुले नै बनाउनु भएको हो । संविधान मान्दिनँ भन्ने मधेशका सांसदहरु त गाईहत्या कल्पना पनि गर्न सक्दैनन् । अनि फेरि किन मुलुकमा गौहत्या शृंखला बढाएर साम्प्रदायिकता भड्काउने राजनीति गर्न खोजिँदैछ । एकातिर हिन्दूमत बढी छ भन्ने अर्कातिर त्यही हिन्दूमतको भावनामा चोट पुग्ने क्रियाकलाप हुने काममा कसको स्वार्थ छ ? एक न एक दिन यिनले जवाफ दिनैपर्छ ।

मधेशका विभिन्न भूगोलमा हिन्दूमत आक्रोशित छन् । खासगरी मूर्ति विसर्जन गर्न जाँदा पनि आक्रमणको सिकार हुनु पर्ने अवस्थामा किन सरकारका अवयवहरु मौन छन् ? स्थानीय तह, प्रदेश र संघ सरकार किन धार्मिक सद्भाव भड्किन खोज्दा मौन छन् ? प्रशासन फगत करफ्यु लगाएर बसिरहेको छ । राजनीतिक दलहरु किन बोल्न डराइरहेका छन् । के हिन्दू धर्म, ॐ र गाई को अपमान नै धर्म निरपेक्षताको अभ्यास हो ? यसले निम्त्याउने प्रलयको कल्पना नगरेका हुन् कि मुलुकमा आगो लगाएर खरानीको तातोमा रमाउने चाहना हो ? बेलैमा सचेत बनौँ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

# दिगो विकास लक्ष्य र शिक्षा

## प्रधानमन्त्रीका विदेश भ्रमणसंग अपेक्षा गरिएका खास खास उपलब्धिहरुः



उदयकुमार यादव

एकातर्फ देशव्यापी शैक्षिक आम हड्ताल अर्कातर्पm प्रधान मन्त्रीको विदेश भ्रमण,एकातर्फ मधेशीदलहरुका संबिधान विरोधी कालोदिवश अर्का तर्फ राष्ट्पतिका मधेशमा स्वागतम्,संयोग चांहि विपरित परिस्थितिको देखापरे तापनि पहल चांहि सकारात्मक नै देखिन्छ तत्काल ।कारण देशकै समग्रहितको लागि प्रधान मन्त्रीका विदेशी भ्रमणा भएकोछ, भने मधेशका कल्याण हेतु नै राष्ट्पतिको पनि मधेशमा स्वागत गरिएको बुमिmन्छ ।सर्ब प्रथम् चर्चागरौं प्रधान मन्त्रीका अमेरीका र चाईना भ्रमणका,किनकी सरकारका प्रमुखलाई नेपालका द्दिमान संबिधानले कार्यकारी जिम्मेदारी तथा अधिकार पनि सुम्पेकोछ ।यस हिसाबले समग्रमा देशको भलोका लागि प्रधानमन्त्रीका विदेश भ्रमण एक प्रकारले उचित नै हो ।त्यसैगरी राष्ट्प्रमुखले पनि संबैधानिक सबालका असंतुष्ट पक्षलाई कुनैपनि वाहानामा शुभ सन्देशसकासाथ मधेशका महान पवित्र तथा धार्मिक तीर्थ स्थलका यात्रामा आउनुलाई सकारात्मक नै लिनु पर्दछ ।तथापी वांहाले लाहानका मद्येशको प्रथम शहिद रमेश महतोको शालिकमा कम्तिमा मालार्पण गरी जानु पथर्◌्यो,भने अमm◌ै बेश हुनेथियो जसले सिंगो मद्येशकै शहिदहरुका प्रेरक हुन् । अथवा मुजेलिया हाईवेमा विराजमान सामूहिक शहिदहरुका मालार्पण गरी जानु पर्ने थियो ।दिगो विकासको अवधारणा तथा यसको औचितवःसमान्यतया दिगो विकास भन्नाले टिकाउ हुने किसिमको विकासलाई बुमिmन्छ ।हामीले जुन पनि कार्यक्रमहरु कार्यान्वयन गर्दछौ सोको कार्यान्वयन पश्चात यसबाट निरन्तर रुपमा लाभ प्राप्त भइरहने अवस्थाको सृजन ◌ागर्न सक्नु नै दिगो विकास हो ।यसबाट के भन्न सकिन्छ भने दिगो विकास भनेको त्यस्तो विकास हो जुन धान्न सकिने र टिकाऊ हुनुपर्छ ।वातावरणीय प्रदूषण र प्रकृतिक सम्पदाको अत्यधिक विकास गरी भविष्यका सन्ततिको जीवन बढी कष्टकर पार्ने गरी आर्थिक तथा भौतिक विकासको फल वर्तमान समुदायले मात्र उपभोग गर्नु हुन्न भने मान्यता र सोंचाई दिगो विकासले राखेको हुन्छ ।यस्तो अवधारणा सन् १९७०को दशकबाट सुरु भएको हो ।वातावरण तथा विकास सम्बन्धी विश्व आयोगले सन् १९८९मा दिएको हाम्रो सामm◌ा भविष्य नामक प्रतिवेदनले सर्वप्रथम् दिगो विकासको परिभाषा यसरी दिएको पाईन्छ ◌ुससटैनेबूल डेभलपमन्ट मीन्स मीटींग द नीड्स अफ प्रजेन्ट जेनेरेशन वीदाऊट कम्प्रोमाईजींग द नीड्स अफ फीयूचर जेनेरेशन । अर्थात् माथिको परिभाषाले दिगो विकासले प्राकृतिक साधन र स्रोतको उपभोगमा दिगो विकासले प्रकृति अन्तर पुस्ताबीच समता र वातावरणमैत्री विकासको प्रवृति र व्यवहारलाई बुझाउने देखिन्छ ।यसरी भोलिको पुस्तालाई मध्य नजर गर्दै वर्तमान समयमा स्रोत र साधनको परिचालन गर्ने व्यस्थित प्रकृयालाई दिगो विकास भनिन्छ ।हामीले पाएको यो सुन्दर संसार हाम्रा पुर्खाले हाम्रालागि सांचेर राखेका थिए,भने हामीले पनि हाम्रा सन्ततिका लागि अझ् सुन्दर संसार सुम्पनुपर्दछ । करण हामीले आफ्ना निम्ति मात्र जथाभावी रुपमा स्रोत र साधनको अत्यधिक शोषण गर्यौ भने हाम्रा सन्ततिले अवश्य दुख पाउनेछन् । उनिहरुका निम्ति विग्रेको वातावरण युक्त विभिन्न स्वरुपको विश्व मात्र बांकी रहनेछ ।त्यसैले आजको विश्वि भोलिका निम्ति पनि हो भन्ने कुरालाई समेत विचार गरी विकासका कार्यहरु सञ्चालन गर्नु दिगो विकासको अवधारणा हो । वातावरणमातसर्थ् सन् १९५० पछि विश्वमा आधुनिक प्रविधिको विकास संगसंगै मानवले आफ्नो आवश्यकता पुर्ति गर्न विविध प्रकारका आर्थिक क्रियाकलापहरु सञ्चालन गरे जसले प्राकृतिक वातावरण माथि गम्भिर असर पर्यो । वतावरणमा पनि असन्तुलन देखा पर्न थाल्यो ।त्यसपछि सन्१९८०को दशकमा दिगो विकासको अवधारणा अस्तित्वमा आयो जस अनुसार विकास लाई पर्यावरणले थेग्न सक्ने क्षमता अनुसार संञ्चालनमा ल्याउनु पर्दछ भन्ने मान्यताको विकास भयो ।अर्थात् तत्पश्चात दिगो विकासका सन्दर्भमा निम्न चार प्रमुख पक्षमा जोड दिन थालिएको पाईन्छः(क)जनसंख्या नियन्त्रण र गरिबी निवारण (ख) प्राकृतिक सुरक्षा र स्रोत साधनको समुचित व्यवस्थापन(ग)गैर सरकारी संस्था र सामुदायिक संस्थाको भूमिका(घ)लगानीको वातावरणीय पक्षमा जोड आदि । दिगो विकासका लागि शिक्षाको महत्व र आवश्यकताःमानिसलाई दिनुपर्ने आधारभूत विषयका ज्ञान,सीप,धारणालाई सानै उमेरदेखि प्रदान गर्न सकिएमा त्यसको सकारात्मक प्रभाव पनि अवश्य पर्न सक्छ नै ।त्यसैगरी दिगो विकासको अवधारणा मानव हितका लागि महत्वपूर्ण भएकाले बालबलिकालाई दिगो विकासका अवधारणालाई पनि व्यावहारमा उतारी यस पृथ्वीमा उपलब्ध साधन स्रोत भावी पुस्तालाई समेत मध्यनजर गरी परिचालन गर्ने ज्ञान सीप र व्यावहार विकासका लागि पनि हो भन्ने कुरालाई द्दष्टिगत गरी हरेक बालबालिकाको व्यावहार र प्रवृतिको पनि विकास संग संगै यसको सदुपयोग गर्ने कार्यमा शिक्षाले अति महत्वपूर्ण भूमिका निर्भाह गर्ने भएकाले नै दिगो विकासका अवधारणा र सिद्धान्तलाई आफ्ना व्यावहारमा उतार्न सक्षम तुलयाउन दिगो विकासका लागि शिक्षाको आवश्यकता अपरिहार्य हुन गएकोछ ।अर्थात् दिगो विकासका लागि अहिले सम्म भएका प्रयासहरुःदिगो विकास मानवीय आवश्यकता परिपुर्ति गर्ने क्रममा स्रोत तथा साधनको प्रयोग गर्दा भावी पुस्ताका आवश्यकतालाई पनि असर नपर्ने गरी मात्र प्रयोग गर्ने तथा वातावरण र विकासका प्रतयक्ष रुपमा सन्तुलन खोजेर उयक्त सन्तुलन कायम पनि गर्ने एउटा भरपर्दो उपयुक्त प्रकृया नै हो ।हामीले वर्तमान पुस्ताको विकासका आवश्यकता पुरा गर्दा भावी पुस्ताको आवश्यकतालाई ध्यान दिएर मात्र कुनै पनि विकास गर्नु नै दिगो विकास हो भने अघि नै परिभाषित गरिएकोछ ।यो एक प्रकारले आर्थिक,सामाजिक तथा वातावरणीय प्रणालीलाई जोड्ने मान्यता हो ।यसले वातावरणीय संरक्षण र्आिर्थक वृद्धि र सामाजिक समतालाई एक आपसमा जोड्ने प्रयास गर्दछ ।यसको प्रयोग विश्वमा पहिले१९७१ ह्◌ेलेन्सकी सम्मेृलनमा गरिएको थियो यसका साथै १९८३सन्१९८७को प्रतिवेदनमा यसको परिभाषा निम्न प्रकारले गरिएको थियो ससस्टैनेबल डेभलपमन्ट ईज डेभलपमन्ट दैट मीट्स द नीड्स अफ द प्रजेन्ट वीदाऊट क्रम्प्रोमाईजींग दी एबीलीटी अफ फियूचर जेनेरेशन्स टु मीट दीयर ओन नीड्स ।यस प्रकार वातावरण र जलवायु परिवर्तन सम्बन्धी विभिन्न समयमा भएका समेलनहरु,सहस्राावदी विकास लक्ष्यको कार्यान्वयन र आंशिक सफलता लगाायतले दिगो विकासको बहसलाई उचाईमा पुर्याएकाछन् ।संयुक्त राष्ट् संघको अगुवाईमा सन्२०१६देखि २०३०कालागि दिगो पिकासका लक्ष्यहरु अघि नै निर्धारण गरिएकोछ ।यसर्थ हाल गत सप्ताह,संयुक्त राष्ट्संघको मुख्यालयमा आयोजना भएको७८औं महासभामा सरकार प्रमुखको हैसियतमा सहभागी भई प्रधान मन्त्रीले क्रमशःनेपाली मौलिकताको लोकतन्त्र,समावेशी शासन प्रणालीको अभ्यास र समुन्नत नेपालको निर्माणमा हाम्रो प्रयासका विभिन्न विषयलाई विश्व समुदायमामm मुखरित गर्न पाउनु एउटा सौभाग्य वा महत्वपूर्ण अवसर नै पाएको देखिन्छ ।यस वर्षको दिगो विकास, जलवायु परिवर्तन तथा विश्व माहामारीका कारण सिर्जित स्वास्थ्य चुनौती ,साथै दिगो विकास हांसिल गर्ने वित्तीय प्रबन्धलगायत संयुक्त राष्ट्संघका सदस्य मुलुकका सामm◌ा चासो एवम् सरोकारका विभिन्न महत्वपूर्ण विषयहरुमाथि पनि गहन रुपमा छलपल भएकाले समुचित रुपमा यसलाई पनि एउटा उपलब्धिकै रुपमा लिनु पर्दछ । उनले नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै,आफु यस वर्षदेखि अल्प विकसित राष्ट्को समुहको अध्यक्षको हैसियतमा नेपाल पनि ४७वटा मुलुकको प्रतिनिधि गर्नुका साथै सबैका साझा सबाल तथा अन्तरदेशीय साझा चासो सहितका विभिन्न मञ्चमा धारणा राखने मौका पाउनु पनि समान्य उपलब्धि होईनन् ।सब भन्दा महत्वपूर्ण उपलब्धिभनेको विगतमा कोरोना माहामारीका दुष्परिणाम स्वरुप नेपालका चाईनासित जोड्ने विभिन्न बोर्डर अथवा सिमानाका नाकाहरु औपचारिक रुपले खुल्ने धेरै सहज भएकाछन् ।किनकी यस भ्रमणलाई हाम्रा छिमेकी मुलुकले विशेष महत्वका साथ हेरेकाछन् ।तसर्थ नेपाल र चीनबीच द्धिपक्षीय विभिन्न १२बुंद सहमतीका साथ सममm◌ौता पत्रमा हस्ताक्षर पनि भएकोछ ।ती बुंदाहरु कृषि,पर्यटन,उद्योग वाणिज्य तथा ◌्व्यावसाय संग सम्बन्धित रहेकाछन् ।यसका साथै हाम्रा सिमाना वरिपरि चिनको बस्तीहरुमा उच्च स्तरीय विद्युतीकरणका साथ बिजुली बत्तीका आदान प्रदान हुन सक्ने सम्भावना पनि बढेकोछ ।यसरी भारत झै यदि चिन सित पनि खुला सिमाना स्वतन्त्ररुपमा सम्मझौतामा सहमती भएको होला भने,हाम्रो खाद्यान्न सम्बन्धि समस्याहरु स्वभाविक(आयात गरी) रुपमा समाधान भएर जानेछन् ।उनका यस भ्रमणले दिगो विकासका लक्ष्य हांसिल गर्नका साथै जलवायु परिवर्तनबाट सिर्जित समस्या र चुनौतीलाई समेत यपउुक्त नीति तथा कार्यक्रममा बजेट व्यवस्था गरी प्रभावकारी कार्यान्वयन मार्फत् समाधान पनि गरिनेछन् ।अर्थात् समग्रमा भन्दाखेरि,संयुक्त राष्ट्संघको यस्तो एतिहांसिक घरिमा,७८औं माहा सभाको उच्च स्तरीय गरिमामय सम्बोधनलगायत प्रधान मन्त्रीका चिन भ्रमण तब मात्र सार्थक हुनेछन् जब द्धिपक्षीय बाह्र बुंदे सहमतिका सम्मझौताहरु विभिन्न योजना तथा परियोजना मार्फत् कार्यान्वयन हुनेछन् ।किनकी यिनका नेतृत्वका सरकारले शान्ति,समृद्धिलगायत दिगो विकासका लक्ष्य,खाद्य संप्रभुता अन्तरदेशिय बाधा फुकाऊ जस्ता विद्यमान् समसामयिक चुनौतिहरुलाई नै राष्ट्यि प्राथमिकतामा राखिने भएकाछन् ।यसले गर्दा संघियता सुद्दढिकरण पनि सहज हुन सक्ने संभावनाहरु बढेर जानेछन् भने पूणर्विश्वासकाथ भन्न सकिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझभ्ना : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धनार्जनको योग हुनाको साथै तपाईंलाई देख्नेहरु मोहित होलान् ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आजको दिन तपाईंमा निरोगिता तथा आरोग्यता आउला, बल बुद्धि तथा तेजमा वृद्धि होला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
मान तथा सम्मानमा हानि होला, आजको दिन भगवान गणेशको आराधना गर्नाले राम्रो हुन्छ।

आजको दिन विशेषरूपमा होशियार रहनुहोला, अनावश्यक खर्च तथा व्ययले मन खिन्न रहला ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
विभिन्न प्रकारका धन तथा सम्पत्तिको लाभ होला, आजको दिन पुजापाठमा सहभागी भईएला।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
तपाईं आजको दिन कुनै पनि मांगलिक सहभागी हुनुहनेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
विभिन्न प्रकारका उन्नति र प्रगतिले तपाईंलाई उत्साहित गराउला।

**वृश्चिक -**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन तपाईंलाई उच्च पद प्राप्ति हुनसक्छ, कुनै पनि परिक्षामा उतिर्ण भईएला ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
,कुनै पनि पद तथा नेतृत्व प्राप्त होला, तिर्थयात्रा पनि हुनसक्छ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन तपाईंमा नयाँ नयाँ सोच र बिचारको उदय होला, साहित्यिक कार्य गरिएला ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
वैदेशिक यात्रा तथा रोजगारको अवसर पनि प्राप्त होला।

तपाईंलाई आजको दिन गुप्त बिद्या तथा ज्ञान प्राप्त होला, खानपान तथा मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी भईएला।

# हराउँदै मौलिक भाका

‘हाम्रो पालामा अहिलेको जस्तो फोन थिएन, चिट्ठी लेख्ने प्रचलन पनि धेरै पछि आएको हो, परिवारका मान्छे र कोही आफन्त टाढा भए, प्रदेश गए भने नफर्किंदासम्म उसको हालखबर थाहा हुँदैनथ्यो, त्यति बेला मनको बह पोख्न गीत गाइन्थ्यो’, ‘अहिले त छिनछिनमा फोन गर्छन्, भिडियो हेराहेर गर्छन्, विदेश छ कि सँगै छ थाहै हुँदैन, अहिलेका मान्छेलाई के थाहा त्यस बेलाका गीतको महत्व ?, उतिबेला हाम्रो सुख, दुःखको सारथी थियो गीत ।’



**डम्मर बुढा मगर**
**बागलुङ ।**

बागलुङमा बढी प्रचलित सोरठी, मारुनीलगायत मौलिक भाका र संस्कृति हराउँदै गएका छन् । एक दशक अगाडिसम्म ग्रामीण क्षेत्रमा गुञ्जिने बिना सालैजोको ठाडी भाका, सालैजो, झ्याउरेलगायतका दर्जन बढी भाका अहिले सुनिँदैनन् । मेलापात र महोत्सवमा गाइने गीतहरू एक जनाले सुरु गर्ने र समूहका महिला तथा पुरुषले भाका समातेर गाउँने चलन हराउँदै गएपछि बूढापाकाले चिन्ता व्यक्त गरेका छन् । ‘अहिले त रोधी पनि बस्न छोडे, रोधीमा गाइने गीत पनि हराए । कहीँ कतै रोधी गाएको भाका सुनिँदैनन् । ती गीत, जमाना फेरिए, मान्छेका स्वभाव र चालचलन सबै फेरिएका छन्’, ढोरपाटनकी ८३ वर्षीया मोतिकुमारी घर्तीले भनिन् । उनले कहिलेकाहीँ एक्लै हुँदा पुराना गीत गुनगुनाउने गरेको बताइन् । उनले गुनगुनाउने गीत अहिलेका युवा पुस्ताले खासै बुझ्दैनन् । यानिमाया, सुनिमाया, शिरफुलेमाया लगायतका थुप्रै लोक भाकाहरू सुनिन छाडेको भन्दै मोतिकुमारीले गुनासो गरिन् । रोधी बस्दा, बुकीँ चढ्दा, झर्दा, मेलापात गर्दा, मेला महोत्सवमा यी गीत निकै गाउने गरेको स्मरण गर्दै अहिले हिन्दी र अङ्ग्रेजी गीतले मौलिकतालाई हराई दिएको घर्तीको भनाइ थियो । गीतसङ्गीतले मानिसको दुःख, वेदना र हर्ष बोल्ने भन्दै पुराना गीतसँगै संस्कृति पनि हराउँदै गएको उनले बताइन् । कुनै गीत चाडबाड विशेषतः र कुनै बाह्रै महिना गाउन मिल्ने भन्दै पछिल्लो समय पश्चिमा संस्कृतिले गर्दा स्थानीय पहिचान हराएकोमा उनले चिन्ता व्यक्त गरिन् । आधुनिकताले गर्दा धेरै मान्छेको पहिरन, खानपान र दैनिकी बदलिएको हुँदा उनीहरूलाई पुराना गीत सङ्गीतको महत्व थाहा नभएको घर्तीको भनाइ थियो । ‘हाम्रो पालामा अहिलेको जस्तो फोन थिएन, चिट्ठी लेख्ने प्रचलन पनि धेरै पछि आएको हो, परिवारका मान्छे र कोही आफन्त टाढा भए, प्रदेश गए भने नफर्किंदासम्म उसको हालखबर थाहा हुँदैनथ्यो, त्यति बेला मनको बह पोख्न गीत गाइन्थ्यो’, उनले भने, ‘अहिले त छिनछिनमा फोन गर्छन्, भिडियो हेराहेर गर्छन्, विदेश छ कि सँगै छ थाहै हुँदैन, अहिलेका मान्छेलाई के थाहा त्यस बेलाका गीतको महत्व ?, उतिबेला हाम्रो सुख, दुःखको सारथी थियो गीत ।’ युवा पुस्ताले पुराना भाका नसुन्दा मौलिकता बोकेका गीतहरू हराउँदै गएको स्थानीय ७७ वर्षीय टीकाराम रोका मगरले बताए । उनले अहिले पनि बूढापाकाले पुराना भाका गाउनका लागि लगाउने गरेको बताए । उनका अनुसार अरूलाई भन्दा बढी रोका मगरलाई बढी थाहा भएको हुँदा उनलाई यो भाका गाउन लगाएका हुन् । बिना सालैजोको ठाडी भाका, सालैजो, झ्याउरे लगायतका दर्जन बढी भाका मगर, गुरुङलगायत आदिवासी जनजाति समुदायका मानिसले गाउने उनको भनाइ थियो । ‘हाम्रा पाका पुर्खादेखि गाउँदै आइएको गीत÷सङ्गीत अहिले लोप भए, धेरै वर्ष पुराना गीत अरू समुदायका मान्छेले गाउन जान्दैनन् । यी गीतमा हाम्रो पहिचान, हाम्रो कर्म र परम्परा बोलेको हुन्छ, यी गीतहरूको लय पनि अरूभन्दा बेग्लै हुन्छ, अहिले त हराउँदै गयो’, मगरले भने, ‘युवा पुस्ताले ¥याप÷झ्याप केके हो के गाउँछन्, म मरे भने त यो गीत पनि मर्छ भन्ने पीर लाग्छ, संस्कृति बचाउनका लागि राज्यले पनि भूमिका खेल्नुपर्छ, अहिले केटाकेटी जेन्मेको दुई÷चार वर्षपछि विदेशी गीत सुन्ने गाउने गर्छन्, हाम्रा छोरा नातिले मैले गाएको रुचाउन्न् ।’ गीतको राग र तालको भाव बुझेर टुक्कालाई पूर्णता दिनुपर्ने हुँदा यो यानिमाया, सुनिमाया र ठाडी भाका गाउन कठिन मानिने उनको बुझाइ छ । आधुनिक सञ्चारमाध्यमको विकास, पुराना पुस्ताका कलाकारबाट पुस्तान्तरण र नयाँ पुस्ताले चासो नदिँदा मौलिकता बोकेका गीत हराउन थालेको ७४ वर्षीय तुलबहादुर पाइजा मगरले बताए । उनका अनुसार मेला, महोत्सव तथा विभिन्न कार्यक्रममा ठाडी भाका गाउने चलन छ । अर्मपर्म लाग्दा, घाँसदाउरा गर्दा, मेलापात जाँदा र लामो दूरीको यात्रा गर्दा मनोरञ्जनको माध्यम गीतसङ्गीत नै थियो । आफ्ना पालामा साथीभाइ भेट हुँदा यस्ता गीतबाटै हालखबर, सञ्चो बिसञ्चो सोध्ने गरेको उनले स्मरण गरे । अहिले फोनले गर्दा दिनदिनै कुरा हुने हुँदा गीतमा हालखबर सोध्न छोडिएको पाइजाले बताए । पुराना गीतहरू तीन रात, तीन दिन गाउँदा पनि नसकिने भन्दै अहिले त्यस्ता गीत गाउने मान्छे भेट्याउन मुस्किल पर्ने उनको भनाइ थियो । पछिल्लो समय रेडियो, टेलिभिजन तथा मोबाइलमा आउने आधुनिक, पपगीतले मौलिक भाका हराउन थालेको भन्दै यस्ता गीत अहिलेका कलाकारले पनि नगाउने उनले बताए । ‘दिनभरि मेलापातमा व्यस्त भइन्थ्यो, थकाइ लाग्थ्यो, साँझ, ओल्लोपल्लो घरका तरुनी तन्नेरी भएर रोधी बसिन्थ्यो, पुराना गीत गाइन्थ्यो, रोधी बस्दा पुराना गीतहरूको संरक्षण हुन्थ्यो, अहिले त रोधी बस्ने चलन नै छैन, हामी तन्नेरी हुँदा बेस्सरी रोधी बस्ने, गीत गाउने गरिन्थ्यो’, पाइजाले भने, ‘अहिलेका त न रोधी बस्छन्, न पुराना गीत गाउँछन्, यसले गर्दा पुराना संस्कृति बोकेका गीत हराए, हाम्रो पालामा मोबाइल, टिभी केही थिएन, केमा गीत सुन्नु ?’

# राजनीतिक नेतृत्व सुशासनका पक्षमा चुक्नु हुँदैनः चौधरी

**काठमाडौँ ।**

विद्यमान शासन व्यवस्थाप्रति पछिल्लो समय नागरिकस्तरबाट केही निराशा र गुनासो आउन थालेका छन् । संसद् र सरकारप्रति नागरिकको टिप्पणी हुनुमा शासकीय चरित्रमा सुधार हुन नसक्नु मुख्य कारण रहेको टिप्पणी सांसद मेटमणि चौधरीले गरेका छन् । ‘सांसदसँग रासस’ संवादका क्रममा उनले राजनीतिक नेतृत्व सुशासनका पक्षमा चुक्नु हुँदैन भने । उनले भने, ‘अहिले विभिन्न कारणले मुलुकको अर्थतन्त्र कमजोर हुँदै जाँदा व्यवस्थाप्रतिको नागरिकको भरोसा डगमगाएको हुनसक्छ । यसप्रति शीर्ष राजनीतिक नेतृत्वले ध्यान दिनुपर्छ । व्यवस्थाप्रति आकर्षण बढाउनुपर्छ ।’ शीर्ष राजनीतिक नेतृत्व र प्रशासन संयन्त्र गम्भीर भएर व्यवस्थालाई समृद्ध बनाउनेतर्फ लाग्नुपर्ने उनको भनाइ छ । दाङ क्षेत्र नम्बर १ बाट नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को प्रतिनिधित्व गर्नुहुँदै उनले प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए । सांसद चौधरी मुख्य गरी विकास, समृद्धि र अर्थतन्त्रसँग जोडिएका विषयमा सदनमा आफ्ना कुरा स्पष्ट ढङ्गले राख्ने नेताका रुपमा परिचित छन् । तर अहिले संसद् प्रभावकारी रुपमा सञ्चालन हुन नसक्दा जनजीविकाका कुरा त्यहाँ राख्न नसकेको अभाव खड्किने गरेको उनी बताउँछन् । ‘बहन गर्नुपर्ने दायित्व र भूमिकाप्रति हामी सबै गैर–जिम्मेवार भयौँ । सरकारले संसद् चलाउन खोज्यो, प्रतिपक्षले अवरोध गर्छ । अवरोध भएपछि जनताको आवाज आउन पाउँदैन’, उनी भन्छन्, ‘मुलुकलाई निकास दिने दिशामा र जनताका आवाज उठाउने विषयमा न सत्तापक्ष गम्भीर छ, न प्रतिपक्ष नै गम्भीर छ । सत्तापक्षले बल्लतल्ल बैठक आह्वान गर्छ, तर प्रतिपक्षले विरोध र अवरोध गर्छ ।’



संसद्लाई प्रभावकारी बनाउन सरकारले प्रतिपक्षसँग निरन्तर सरसल्लाह गर्ने र प्रतिपक्षले पनि विरोध तथा अवरोधको माध्यमबाट नभई विधि र प्रक्रियाबाटै समस्याको समाधान खोज्नतर्फ केन्द्रित हुनुपर्ने उनी बताउँछन् । संसद्मा जनताका आवाज उठ्न नसक्नु र उठेका विषयपनि समाधान हुन नसक्नु गम्भीर विषय रहेको उनको बुझाइ छ । पछिल्लो समय सांसदलाई विधायिकी भूमिकामा भन्दा विकास निर्माण र आयोजनाका काममा बढी केन्द्रित हुन थालेको भन्ने आरोप पनि लाग्ने गरेको छ । सांसद चौधरी पनि यसलाई आंशिकरुपमा स्वीकार छन् । विकास निर्माणसँग जोडिएका नागरिकका आकांक्षालाई छाडेर सांसदले विधायिकी भूमिका मात्रै निर्वाह गर्नसक्ने अवस्था नरहेको उनी बताउँछन् । ‘हामी जनप्रतिनिधि भएका कारणले जनताका कुरालाई केन्द्रमा राख्ने हो । जनताले हामीलाई राम्रो कानुन बनाउने, विधान बनाउने कुराभन्दा पनि अहिले बाटो, नहर, स्कुल, राम्रो बनाइदिउन् भन्ने चाहेका छन्’, उनी भन्छन्, ‘निर्वाचनका बेला हामीले प्रतिबद्धता जनाएका कुरा पनि यीनै हुन् । यसकारण एक विधायकका रुपमा निभाउनुपर्ने विधायिकी भूमिका केही कमजोर भएको मान्न सकिन्छ । यसलाई हामीले सच्याएर जानुपर्छ ।’ सन्तुलित विकासको अवधारणा अझै लागू हुन नसकेको धारणा पनि सांसद चौधरीले राखे । शक्ति र पहुँचका आधारमा बजेट विनियोजन हुने र त्यसैअनुसार विकासका काम अघि बढ्ने हुँदा सीमित व्यक्ति मात्रै लाभ पाउने अवस्था रहेको उनको भनाइ छ । बजेटमा विनियोजन कुशलता नदेखिएकै कारण सन्तुलनका लागि संसदीय क्षेत्र विकास कार्यक्रमजस्ता विभिन्न खालका योजना र कार्यक्रम चाहिएको सांसद चौधरी बताउँछन् । ‘हामी सन्तुलित विकासको कुरा गरिरहँदा प्रधानमन्त्री, अर्थमन्त्री र मुख्य नेताको क्षेत्रमा धेरै बजेट जाने, तर जसको पहुँच छैन त्यस्ता नेताको क्षेत्रमा बजेट नपर्ने अवस्था छ ।

बजेट शून्य हुने अवस्था छ’, सांसद चौधरी भन्छन्, ‘संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमले थोरै भएपनि विनियोजनमा सन्तुलनका लागि सहयोग पुग्छ ।’ सरकारले पुँजीगत खर्च गर्न नसकिरहेको अहिलेको अवस्थामा यस्तो कार्यक्रममार्फत अघि बढ्ने परियोजनामा भने पुँजीगत खर्च पनि बढी हुने उनको भनाइ छ । सरकारको पुँजीगत खर्च बढाउनका लागि यो कार्यक्रम आवश्यक रहेको सांसद चौधरीले बताए । त्यस्तै, यस्ता कार्यक्रमबाट हुने खर्च सांसदले आफू अनुकूल खर्च गर्ने नभई आफ्नो निर्वाचन क्षेत्रका नागरिको विकास आवश्यकता पहिचान गरेर सोहिअनुसार योजना तथा कार्यक्रम तय गरिदिने मात्रै रहेको उनले स्पष्ट पारे । ‘विगतका अभ्यास हेर्दा यस्ता आयोजनामा ८० देखि ९० प्रतिशतसम्म बजेट खर्च भएको देखिन्छ । जबकि, अरु आयोजनामा मुस्किलले ५० प्रतिशत पनि खर्च भएको देखिँदैन’, उनले भने, ‘अर्को भनेको यो बजेट सांसदले खर्च गर्ने होइन । सांसदले सिफारिस गर्ने हो । आफ्नो क्षेत्रको विकासका आवश्यकता सांसदलाई थाहा हुन्छ ।’ यस्ता कार्यक्रमको अभ्यास अन्तर्राष्ट्रियरुपमा पनि प्रयोगमा रहेको उनको भनाइ छ । संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम अहिले अदालतको आदेशका कारण रोकिएको अवस्थामा छ तर चाँडै नै यसले निकास पाउने विश्वास उनीले व्यक्त गरे । ‘कसैले निवेदन हालेपछि त्यसबारे बुझ्नका लागि अदालतले रोकेको होला । संसद्ले बजेट बनाउने तर अदालतले रोक्ने भन्ने हुँदैन’ सांसद चौधरीले भने, ‘कानुनी प्रक्रिया मिलेको छ वा छैन, कार्यान्वयन भएको छ वा छैन तथा त्यस्तो बजेटको गलत प्रयोग भएको छ कि जस्ता विषय अदालतले हेर्ने हो ।

यो विषयमा चाँडै नै फैसला आउला ।’ अरु विभिन्न देशमा पनि सांसदले बजेटमा केहि स्वविवेक प्रयोग गर्न पाउने अभ्यास रहेको उनको भनाइ छ । पछिल्ला समय सांसदबाटै संसदीय मर्यादा उल्लङ्घनका घटना पटक पटक दोहोरिन थालेका छन् । संसदीय अभ्यास र संसद्को सर्वोच्चताका लागि यस्ता यस्ता विषयमा पनि सचेत हुनुपर्ने उनको भनाइ छ । ‘मर्यादा उल्लङ्घनका घटना दोहोरिनु भनेको बोल्दाखेरी ध्यान नपुर्याउँदा यस्तो स्थिति आउँछ । कुनै शब्द, कुन वाक्य बोल्ने भन्नेकुरा सांसदको हातमा भरपर्छ । राम्रो तयारी गरेर, सोचेर, लेखेर बोल्दा यस्तो अवस्था दोहोरिँदैन थिए ।’, उनी भन्छन् ।




# नीति निर्माणसँगै कार्यान्वयन पक्ष झनै कम्जोर : अध्यक्ष

**रासस**
**काठमाडौँ ।**

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने सन्दर्भमा नीति निर्माण र कार्यान्वयन पक्ष कमजोर रहेको बताएका छन् । रासससँगको कुराकानीमा उनले राजनीतिक दल, सरकार, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सरकारी वकिल कार्यालयबाट भएका निर्णयले सुशासन कायम गर्ने सिलसिलामा चुनौती खडा गरेको धारणा राखे । पूर्वउपप्रधानमन्त्री केसीले भने, ‘हाम्रा नीति निर्माणमै कमजोरी छ, कार्यान्वयन गर्ने पक्ष त झन कमजोर छ । पैसाको मोलमोलाइको अभियोगमा आयोगका पदाधिकारी नै संलग्न भएको घटना विगतमै बाहिरियो, मुद्दा चलाउन पर्नेलाई सरकारी वकिलले नीति निर्माताका नाममा छोड्यो ।’ हामीले अवलम्बन गरेको प्रणाली, सत्ता, जिम्मेवार व्यक्ति र नीति निर्माताप्रति जनतामा असाध्यै ठूलो निराशा रहेको बताउँदै उनले जनताको यो निराशालाई गलत साबित गर्न सरकार, राजनीतिक दल र सांसदले जिम्मेवार भएर प्रस्तुत हुनुपर्ने खाँचो आँैल्याए । कैयौँ घटनामा सरकारी वकिलले के गर्छ भनी जनताले नियालिरहेकामा जघन्य र ठूला घटनामा संलग्नका मुद्दा नचलाउने र फिर्ता लिने कुराले कानुनी राज्यमाथि नै प्रश्न उठेको उनको विश्लेषण छ । उनले भने, ‘देशलाई यो स्थितिमा पु¥याउन समाजको अगुवाइ गर्ने हामी राजनीति नेतृत्वले नै यो वातावरण तयार गरेका हौँ ।’ संस्कृति,



सम्पदा, भूगोल, चलन, प्राकृतिक स्रोत र साधनका हिसाबले हाम्रो मुलुक संसारकै समृद्ध रहे पनि हाम्रा गलत अभ्यासले जनतामा केही हुन्न भाव फैलिएको बताउँदै अध्यक्ष केसीले बालबच्चालाई अङ्ग्रेजी सिकाउने, त्यही खुवाउने र लाउने प्रवृत्तिले राष्ट्रियता कमजोर भएको विचार प्रकट गरे ।

शैक्षिक परामर्शका नाममा विद्यार्थी र युवालाई आफ्नो व्यापार वृद्धि गर्न विदेश जान प्रेरित गर्ने काम भइरहेको बताउँदै उनले भने, ‘यहाँ भविष्य छैन, विदेश जानुपर्छ, भाषागतरुपमा तयार हुनुपर्छ, खेतबारी बेचर खर्च बनाउनुपर्छ भन्ने प्रवृत्तिले समाज नै अधोगतितर्फ गइरहेको छ ।’ सरकार चलाउने र नियम कानुन बनाउनेप्रति नै जनताको अविश्वास बढिरहेको विषय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको कहालीलाग्दो भीडले पुष्टि गरेको बताउँदै सांसद केसीले शिक्षण संस्थाले पनि देशभक्तिको भावना बढाउने शिक्षा दिलाउन नसकेकोमा चिन्ता व्यक्त गरे । सिद्धान्तदेखि अत्यावश्यक सबै आयात गर्नु परिरहेको परिस्थितिप्रति असन्तुष्टि व्यक्त गर्दै नेता केसीले हाम्रो निर्यात भनेको राष्ट्र विकासका लागि आवश्यक युवा जनशक्तिमात्र हुन पुगेको भनी व्यङ्ग्य गरे । उदारीकरणका नाममा मुलुकका राष्ट्रिय उद्योगधन्दा र कलकारखाना सबै सखाप भएको उल्लेख गर्दै वामपन्थी नेता केसीले भने, ‘हामीले दिएको शिक्षा र अपनाएको अभ्यासले मानसिक र भौतिकरुपमै बाहिर जानका लागि जनशक्ति तयार गर्ने मात्र काम भएको छ ।’ पुर्खाले अहिलेको जस्तो बेथिति गरेको भए सांसददेखि प्रधानमन्त्रीसम्म हामी हुन्थेनौँ भन्दै उनले देश बनाउने, परिवर्तन गर्ने र बचाउने जिम्मेवारी हाम्रै काँधमा रहेकाले त्यसका लागि थप गम्भीर हुनुपर्ने आवश्यकता औँल्याए ।

# भारतको रियल टाइम मार्केटमा विद्युत् बेच्न नेपाललाई अनुमति




**रासस**
**काठमाडौँ ।**
नेपाल विद्युत् प्राधिकरणले भारतको इनर्जी एक्सचेञ्ज (आइएक्स)को 'रियल टाइम मार्केट'मा पनि विद्युत् बिक्री गर्न पहिलोपल्ट अनुमति पाएको छ । भारतको प्रतिस्पर्धी ऊर्जा बजारमा एक दिनअघि (डे अहेड) मात्रै बोलपत्र प्रक्रियामा सहभागी भई बिजुली बेच्दै आएको प्राधिकरणले अबदेखि सवा घण्टा अघि नै त्यस्तो प्रक्रिया पूरा गरी विद्युत् बिक्री गर्न पाउने भएको हो । भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले शनिबार मात्रै रियल टाइम मार्केटमा विद्युत् बिक्री गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको हो । यसअन्तर्गत उत्पादनअनुसार प्राधिकरणले सवा घण्टाअघि 'बिडिङ' गरी भारतीय बजारमा विद्युत्को कारोबार गर्न पाउनेछ । भारतको विद्युत् मन्त्रालयले गत १५ साउनमा विद्युत् आयात निर्यात (क्रस बोर्डर) स्वीकृति तथा सहजीकरणका लागि तोकिएको निकायको कार्यविधि संसोधनमार्फत छिमेकी देशका अनुमतिप्राप्त निकायलाई रियल टाइम मार्केटमा पनि सहभागी हुन पाउने व्यवस्था गरेको थियो । भारतको केन्द्रीय विद्युत् प्राधिकरणले पहिलो चरणमा १९ दशमलव चार मेगावाटको तल्लो मोदी र २४ दशमलव २५ मेगावाटको काबेली बी१ जलविद्युत् आयोजनाबाट उत्पादित करिब ४४ मेगावाट बिद्युत् रियल टाइम मार्केटमा बिक्रीको अनुमति दिएको छ । यी दुवै आयोजनाको विद्युत् अहिले डे अहेड मार्केटमा बिक्री भइरहेको थियो । डे अहेड मार्केटमा दिइएको अनुमति शनिबार सकिएको हो । डे अहेडको नवीकरणका लागि पठाइएकामा दुई आयोजनाको विद्युत् डे अहेड र रियल टाइम मार्केट दुवैमा बिक्रीका लागि अनुमति प्राप्त भएको प्राधिकरण, विद्युत व्यापार विभागका निर्देशक प्रबल अधिकारीले जानकारी दिए । अब दुई आयोजनाको विद्युत् डे अहेड र आवश्यकताअनुसार रियल टाइम मार्केटमा बिक्री गर्न सकिने निर्देशक अधिकारीले उल्लेख गरे । 'यसअघि प्रतिस्पर्धी बजारबाट विद्युत् आयात निर्यातका लागि एक दिन पर्खनुपर्नेमा अब सवा घण्टाअघि बिड गरेर कारोबार गर्न पाउने भएका छौँ, यसले अचानक विद्युत् उत्पादन बन्द भएमा वा उत्पादन बढेमा विद्युत् खरिद बिक्री गर्नसक्ने अवस्था निर्माण भएको छ', अधिकारीले भने । उनले डे अहेड मार्केटमा मात्र सहभागी भइरहेकोमा अब रियल टाइम मार्केटमा सहभागी हुन पाउनु हाम्रा लागि नयाँ अनुभव र उपलब्धि भएको बताए । यसबाट विद्युत् व्यवस्थापनमा सहजता आउनुकासाथै दुई देशबीचको विद्युत् व्यापारमा नयाँ ईँटा थपिएको प्राधिकरणको भनाइ छ । प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्राधिकरणले आइएक्सको डे–अहेड बजारमा प्रतिस्पर्धामार्फत र केहीअघिबाट मध्यकालीन विद्युत् सम्झौताबमोजिम करिब एक सय १० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लि–एनभिभिएनलाई बिक्री गरिरहेको छ । एनभिएनले विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ । प्राधिकरणले प्रतिस्पर्धी बजारमा पाँच सय २२ मेगावाट र एनभिभिएनमार्फत हरियाणा राज्यलाई एक सय १० मेगावाट गरी छ सय ३२ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति पाएको छ । यसमध्ये पाँच सय ६२ मेगावाट विद्युत् ढल्केबर–मुजफ्फपुर चार सय केभी अन्तरदेशीय प्रसारण लाइनबाट र ७० मेगावाट महेन्द्रनगर–टनकपुर एक सय ३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ । प्राधिकरणले चालु आर्थिक वर्ष २०८०÷८१ को साउन र भदौमा पाँच अर्ब ४३ करोड ३१ लाख रुपैयाँ बराबरको विद्युत् भारततर्फ निर्यात गरेको छ ।

# चाडपर्वमा दुग्धजन्य परिकारको प्रयोग बढाउन आग्रह



**रासस**
**चितवन ।**
दसैँ, तिहार, छठ नजिकिँदै गर्दा दुग्धजन्य परिकारको खपत बढाउन आग्रह गरिएको छ । जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घले चाडपर्वमा दुग्धजन्य उत्पादन, दही, बटर, घ्यू, पनिरजस्ता वस्तुको खपत गर्न आग्रह गरेको हो । सङ्घका अध्यक्ष किशोर वगालेले चाडपर्वमा दुग्धजन्य उत्पादनको खपत गरी दूधको बजारीकरणलाई सहयोग गर्न अनुरोध गरे । अहिले दूधको बजारीकरणमा समस्या देखिन थालेको जनाउँदै उनले सबैको भान्छामा नेपाली दुग्धजन्य उत्पादन प्रयोग भएमा अहिलेको समस्या समाधान हुने बताए । उनले भने, 'अहिले दूधको बजारीकरणमा समस्या देखिएको छ ।

यसलाई निराकरण गर्न आम नेपालीको भान्सामा नेपाली दुग्धजन्य उत्पादनको प्रयोग बढाउन जरुरी रहेको छ ।' जिल्लामा अहिले दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुने भए पनि जिल्ला बाहिर एक लाख ३५ हजार लिटर दूध मात्रै जाने गरेको छ । बाहिरी जिल्ला जाने दूधसमेत कम्पनीहरूले उठाउन कठिन मान्दा समस्या बढ्दै जान थालेको उनले जानकारी दिए । सङ्घका उपाध्यक्ष रामेश्वर गौलीलले जिल्लाबाट बाहिर जाने दूध कम्पनीले उठाउन गाह्रो मान्ने गरेको जनाउँदै विगत तीन किस्तादेखिको दूधको पैसासमेत पाउन नसकेको बताए । उनले भने, 'डिडिसीले गत साउनयता किसानलाई पैसा दिन सकेको छैन । अधिकांश किसानले कम्तीमा तीन किस्ताको रकम पाउन बाँकी छ ।'

यही अवस्था रहेमा किसानले चाडपर्वको मुखमा आन्दोलन गर्नुपर्ने अवस्था आउने उनको भनाइ छ । सङ्घमा अहिले एक सय १५ सहकारी आबद्ध रहेको जानकारी दिँदै उनले यी सहकारीबाट कम्पनीले दूध उठाउन नसक्ने जानकारी दिन थालेको उनले बताए । उनले भने, 'किसानले दूधको पैसा नपाउने र दूध बजारमा पनि नजाने हो भने यसले ठूलो समस्याको रुप लिन्छ । यसैले सबैले चार्डपवमा घरघरमा दुग्धजन्य उत्पादनको प्रयोग बढाएर सहयोग गर्नुपर्‍यो ।' सचिव कल्याण अधिकारीले सरकारले छिमेकी नाकाबाट आउने दूधको नियन्त्रणमा चासो नदिनुका कारण यहाँको दूधले बजार नपाएको गुनासो गरे । उनले भने, 'राज्यका निकायले नेपाली दुग्धजन्य वस्तुको खपतमा ध्यान दिन जरुरी छ । अन्यथा किसान पलायन हुने अवस्था आउँछ ।' विद्यालयको दिवा खाजा, सुरक्षा निकायका कार्यालय अन्य सरकारी कार्यालयले दुग्धजन्य वस्तुको खपतमा जोड दिनुपर्ने उनको भनाइ थियो ।

# बुबाले अधियाँ कमाएर हुर्काएका क्रिकेटर 'भीम'

**शेरबहादुर सिंह**
**महेन्द्रनगर ।**
क्रिकेटर भीम सार्कीका बुबा वीरभानले कञ्चनपुरको भीमदत्त नगरपालिका–४ गोवरीयामा साहुजनको जमिन अधियाँमा लिएर साढे तीन दशक कमाए । दलित परिवार, त्यहीमाथि जहान परिवारको जीविका चलाउन साढे तीन दशक अधियाँमा जमिन लिएका ५५ वर्षीय वीरभानले पछिल्लो दुई वर्षयता भने १५ कट्ठा जमिन भाडामा लिएर खेती गर्दै छन् । चार छोरा र एक छोरी अन्यको खेत कमाएर हुर्काएका वीरभानलाई अहिले माइला छोरा २२ वर्षीय भीम सार्कीले क्रिकेट खेलबाट नामसँगै दामसमेत दिलाएपछि सार्की परिवारको दैनिकी नै फेरिएको छ । 'क्रिकेट टिममा महत्वपूर्ण खेलाडी भए पनि हाम्रो परिवारको त उ (भीम) खम्बा नै हो ।' बुबा वीरभानले खुसी व्यक्ति गर्दै भने, 'खेलमा उसको प्रगति देखेर हामी परिवार नै खुसी छौँ ।' तर परिवार पाल्न भाडामा जमिन लिएर छाक टार्नुपर्ने अवस्था यथावत रहेको उनको भनाइ छ । 'ऋण तिर्नदेखि जीविका चलाउनसम्म सङ्घर्ष त छ नै', उनले भने, 'तर क्रिकेटबाट छोराले दिएको खुसीले हाम्रो दुःख नै ओझेलमा प¥यो ।' महेन्द्रनगरमा ऋण लिएर छ वर्ष अघि रिक्साको 'डिलर' सञ्चालनमा ल्याएका वीरभानलाई अहिले सोही व्यापारको ऋणले छोडेको छैन । 'अटो, ई–रिक्सा आएपछि साइकल रिक्सा विस्थापित हुँदा १५÷२० लाख रुपैयाँ ऋणमा डुबे', उनले भने, '९÷१० लाख रुपैयाँ छोरा भीमले क्रिकेटबाट ल्याएको आम्दानीबाट ति¥यौँ ।' कक्षा ५ पढ्दादेखि नै महेन्द्रनगरमा क्रिकेट पछ्याउन लागेका भीमले थुप्रै अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली टिमबाट खेलिसकेका छन् । यस पटक भने १९ औँ एसियन खेलकुदमा उनी टिममा परेनन् । थुप्रै अन्तर्राष्ट्रियस्तरमा समेत उत्कृष्ट प्रदर्शन गरिसकेका भीमले पाएका पदक र प्रमाणपत्र बुबा वीरभानले कोठाभरि सजाएर राखेका छन् । 'क्रिकेटमै राम्रो गरेकाले होला मलाई पनि अहिले पहिलो एसिया कप छनोट हुँदा काठमाडौँ बोलाएर क्रिकेट हेर्न विशिष्ट कक्षको टिकट दिएर मैदानसम्म पु¥यायो', उनले भने, 'अझ पनि राम्रो गर्दै जाने छ भन्ने



विश्वास छ, बाँकी भगवानको कृपा ।' कक्षा ८ सम्म यहाँस्थित भृकुटी मावि पढेका भीमले प्रवेशिका परीक्षा (एसएलसी) सन्राइज हायर सेकेण्ड्री स्कुलबाट गरे । 'सन्राइजबाट भीम क्रिकेटमा राइज भयो', बुबा वीरभानले भने, 'स्कुल पढ्दै धेरै ठाउँमा खेल्न जान थालिसकेको थियो ।' एउटा सामान्य दलित परिवारमा जन्मिएका भीमले क्रिकेटबाट भएको आम्दानीबाट दाजु विनोदलाई वैदेशिक रोजगारीका लागि मलेसिया र भाइ करनलाई दुवई पठाएका छन् । 'जमिन घरबासका लागि डेढ कट्ठा मात्रै छ', उनले भने, 'क्रिकेटबाट भीमले परिवारकै ठूलो परिचय बनाइदियो ।' परिवारको नेतृत्व गर्नसक्ने क्षमता पाएपछि भीमलाई नै परिवारले मुलीको जिम्मेवारी दिएर अघि बढेको छ । 'ऋणदानदेखि आर्थिक हरहिसाब सबै भीमले नै सम्हालेको छ', उनले भने, 'काठमाडौँबाट प्रवीणता प्रमाणपत्र तह पास गरेपछि उतै नेपाली सेनाको त्रिभुवन आर्मी क्लबमा जागिरसमेत खान थाल्यो ।' भीमले क्रिकेट सुरु गर्दा मैदान छेउमा उभिएर हेर्दा त्यो बेलाको सिनियर खेलाडी चन्द्र साउँदले उनलाई क्रिकेटमा भित्र्याएको वीरभानले बताए । 'क्रिकेट हेर्न गएकाले बेला भीमलाई बाहिर गएको बल ल्याउन चन्द्रले भनेछन्', उनले भने, 'त्यसपछि चन्द्रले क्रिकेट खेल्न आउन आग्रह गरेपछि भीमले भोलीपल्टैबाट क्रिकेटमा जोडिन थाले ।' त्यसअघि भीमका दाजु विनादे पनि क्रिकेट खेलाडी थिए । तर सल्लाहमै विनोद वैदेशिक रोजगारमा गएपछि भीम खेलतिर लागेका हुन् । 'भीमले खेलमा गरेको मेहेनतले परिवारमा पनि सुखद् परिर्वतन ल्याइदियो', उनले भने, 'कहिलेकाहीँ उसको टेलिभिजनमा खेल हेर्दा सपना जस्तै लाग्छ ।' यसैगरी भीमका प्रशिक्षक वीरेन्द्र शाहीले आर्थिक स्थिति कमजोर अवस्थामा पनि भीमले क्रिकेटमा निकै मेहनत गरेको सम्झिन्छन् । 'बुबाले रिक्साको डिलर सञ्चालनमा ल्याउँदा भीम दिनभर पसलमा बसेर साँझ क्रिकेट प्रशिक्षणमा आउथ्यो', उनले भने, 'अहिले क्रिकेटमा अवसर पाएसँगै आफ्नो प्रतिभा पनि देखायो ।' बुबाको घाटाको व्यापारमा समेत क्रिकेटलाई निरन्तरता दिएका भीमलाई सनराइज स्कुले निकै सहयोग गरेको शाहीको भनाइ छ । दीपेन्द्रसिंह ऐरी, भीम सार्की, विनोद भण्डारी, सन्दीप जोराजस्ता खेलाडी भएका कञ्चनपुरको क्रिकेट पूर्वाधारको अवस्था नाजुक रहेको क्रिकेट सङ्घका केन्द्रीय सदस्य वीरेन्द्रबहादुर चन्दको भनाइ छ ।

'सरकारले क्रिकेटका लागि यहाँ लगानी गरिदिन्न अरु कहाँबाट सहयोग मिल्ने हो खै', उनले भने, 'खेलाडी उत्पादनको उर्वरभूमि भए पनि राज्यले यहाँको खेलकुद क्षेत्रको विकासमा ध्यान दिएन् ।' पछिल्लो केही वर्षयता कवर्डहल परिसरमा क्रिकेट मैदान निर्माणका लागि केन्द्रबाट बजेट आइरहेको भए पनि आवश्यक बजेट नआउँदा काम कछुवा गतिमा छ । 'हरेक समय विभिन्नस्तरमा क्रिकेटका गतिविधि निरन्तर सञ्चालन भइरहेकै छन्', उनले भने, 'संरचना निर्माणमा सरकारले पनि जागरुकता देखाए प्रतिभावान खेलाडी तयार गर्न कञ्चनपुर अग्रसर छ ।'

# भारतलाई लगातार यू–१९ साफ च्याम्पियनसिपको उपाधि




**मधेशदृष्टि**
**वीरगंज ।**
भारतले यु–१९ साफ च्याम्पियनसिप फुटबलको उपाधि तेस्रो पटक जितेको छ । काठमाडौंमा आयोजना भएको प्रतियोगिताको फाइनलमा भारतले पाकिस्तानलाई ३–० ले पराजित गर्दै उपाधि जितेको हो । पहिलो हाफ गोलरहित बराबरी भएपनि दोस्रो हाफमा भारतले ३ गोल गर्दै पाकिस्तान विरुद्ध सहज जित हासिल गर्‍यो । यसअघि भारतले सन् २०१९ र २०२२ मा उपाधि जितेको थियो । यो उपाधिसँगै लगातार तेस्रो पटक च्याम्पियन बन्दै ह्याट्रिक गर्‍यो । २०१५ को पहिलो र २०१७ मा भएको दोस्रो संस्करणमा भने नेपाली यू–१९ टोली च्याम्पियन बनेको थियो । जारी संस्करणमा पहिलो पटक फाइनलमा पुगेको पाकिस्तानविरुद्ध भारतले ६४ औं मिनेटमा पहिलो गोल गरेको थियो । उसका लागि सब्सिटिच्युट खेलाडी मागेलथाङ किपगेनले गोल गर्दै टिमलाई सुरुवाती अग्रता दिलाए । ८५ औं मिनेटमा किपगेनलेनै ब्यक्तिगत तथा टिमका लागि दोस्रो गोल गरेका थिए । भारतले तेस्रो गोल इन्जुरी समयमा सम्भव बनायो । भारतका लागि तेस्रो गोल ग्वगवमसार गोयरीले सम्भब बनाए । सेमिफाइनलमा भारत र पाकिस्तान दुबै टोली टाईब्रेकरमा जित निकाल्दै फाइनलमा स्थान बनाएका थिए । भारतले घरेलु टोली नेपाल र पाकिस्तानले भुटानलाई हराएर फाइनलमा प्रवेश गरेका थिए ।

# दिल्लीस्थित अफगानी दूतावास बन्द



**एपी**
**नयाँदिल्ली ।**
नयाँदिल्लीमा रहेको अफगान दूतावास शनिबारदेखि बन्द भएको छ । भारत सरकारको असहयोगका कारण दूतावास बन्द गर्नुपरेको दूतावासका एक जना सञ्चार अधिकृतले बताएका छन् । सन् २०२१ को अगष्टमा तालिबानले सत्ता कब्जा गर्नुअघि अफगान सरकारको प्रतिनिधित्व गरेका अधिकांश कूटनीतिक कर्मचारी स्वदेश फर्किएको महिनौँ भएको छ भने रिक्तस्थानमा नयाँ नियुक्ति गरिएको छैन । भारतले अफगानिस्तानको तालिबान सरकारलाई मान्यता दिएको छैन । त्यहाँ तालिबान सरकार सत्तामा फर्किएपछि भारत सरकारले आफ्नो कूटनीतिक उपस्थिति निलम्बन गरेको छ । जुन २०२२ मा नयाँ दिल्लीले अफगानिस्तानको राजधानीमा भारतीय मानवीय सहायता समन्वय गर्न एउटा प्राविधिक टोलीमात्र परिचालन गरेको छ । यही असोज ८ गते भारतीय विदेश मन्त्रालयलाई एक पत्र पठाउँदै अफगानिस्तानको राजदूतावासले भारत सरकारबाट कूटनीतिक व्यवहार र संरचनागत सहयोगको अभावमा यही सेप्टम्बर ३० देखि दूतावास बन्द हुने जानकारी दिइएको छ । गत जुनमा भारतका लागि अफगान राजदूत फरीद मामुन्दजाई नयाँ सत्तासँग आफ्नो कुनै राजनीतिक सम्बन्ध नभएको बताउँदै भारतबाट बेलायततर्फ प्रस्थान गरेका थिए । अफगान दूतावासले शिक्षा, कन्सुलर सेवा, मानवीय सहायता र अफगान व्यापारीहरूलाई व्यापार–वाणिज्यका मुद्दामा मद्दत गर्न नसकेको, भारतका विभिन्न विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनको प्रतीक्षा गरिरहेका अफगान विद्यार्थीलाई सहयोग गर्न नपाएकोलगायत भारत सरकारका सम्बन्धित निकायको प्रशासनिक एवं कूटनीतिक असहयोगका कारण दूतावास बन्द गर्न बाध्य भएको भारतीय विदेशमन्त्रालयलाई लेखेको पत्रमा उल्लेख छ । पत्र नयाँदिल्ली र काबुलस्थित सञ्चारमाध्यमलाई पनि उपलब्ध गराइएको छ । अफगानिस्तानमा शासन परिवर्तनपछि भारतले विद्यार्थी भिसा जारी गर्न बन्द गरेपछि भारतका शैक्षिक संस्थाहरूमा भर्ना भएकाहरूलाई नयाँदिल्ली फर्कन असम्भव बनाएको थियो । यससम्बन्धमा भारतीय विदेश मन्त्रालयले जवाफ दिन अस्वीकार गरेको छ ।

# अमेरिका–भारत सैन्य अभ्यास



**एएनआई**
**अलास्का ।**
अमेरिकी र भारतीय सेनाको संयुक्त युद्ध अभ्यास अमेरिकाको अलास्कामा शुरु भएको छ । दुई देशबीच जारी युद्धाभ्यासअन्तर्गत यो संयुक्त रणनीतिक अभ्यास हो । दुवै देशका सेनाले शुक्रबार अलास्कामा अभ्यास गरेका भारतीय सेनाका अधिकारीहरूले बताएका छन् । अभ्यासमा सहभागी हुन भारतीय सेनाको टुकडी हालै अलास्का पुगेको हो ।

सैन्य अधिकारीहरूले यसबाट उत्कृष्ट अभ्यास र अनुभवको आदानप्रदान, एकअर्काबाट सिक्न सहज हुने, अन्तरसञ्चालन क्षमता अभिवृद्धि र दुई देशका सेनाबीचको सम्बन्धलाई सुदृढ बनाउने बताएका छन् । संयुक्त युद्ध अभ्यास यही असोज २१ गतेसम्म सञ्चालन हुनेछ । अभ्यासको अलास्का संस्करणमा भारतीय सेनाका तीन सय ५० जवान सम्मिलित छन् ।

# घण्टाघरको सुन्दरतामा कसलाई कसलाई चित्त बुझेन ?



*नगरलाई सुन्दर बनाउन अहोरात्र खटिरहेको अवस्थामा आफूहरुलाई साथ दिनुपर्ने ठाउँमा अझ नगरलाई कुरुप बनाउन केही व्यक्ति लागिपरेकामा दुःखी छु।*
*– राजेशमान सिंह*
*नगरप्रमुख*
*वीरगंज महानगरपालिका*

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको घण्टाघरलाई उज्यालो र आकर्षक बनाउन वरिपरि जडान गरिएको बत्ति अज्ञात व्यक्तिले तोडफोड गरेका छन् । शुक्रबार राति केही अज्ञात व्यक्तिले घण्टाघरमा जडान गरिएको बत्ती चोरी गरेका हुन् ।
करिब ४ महिनाअघि नगरलाई सुन्दर बनाउने उद्देश्यले वीरगंज महानगरपालिकाले सौन्दर्यकरण कार्यक्रम अन्तर्गत वीरगंजको घण्टाघरमा रंगरोगन तथा बत्ती जडान गरेको थियो । रातका समयमा उज्यालो र आकर्षक देखिने साथै पछिल्लो समय सबै वीरगंजबासीको आर्कषणको केन्द्रबिन्दु बन्न सफल भएको घण्टाघरमा जडान गरिएको बत्ती तोडफोड र चोरी भएको हो ।
घटनापश्चात वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले नगरलाई सुन्दर बनाउन अहोरात्र खटिरहेको अवस्थामा आफूहरुलाई साथ दिनुपर्ने ठाउँमा अझ नगरलाई कुरुप बनाउन केही व्यक्ति लागिपरेकामा दुःख व्यक्त गरे । वीरगंज महानगरपालिकाको सरसफाइ शाखा प्रमुख सर्फुदिन मियाँले सार्वजनिक सम्पत्तिमा सबैको अधिकार भएको हुँदा यसको संरक्षण गर्ने दायित्व पनि वीरगंजबासीको भएको बताए । वीरगंजसिथत घण्टाघर नजिकमा नेपाल प्रहरीको बिट नै रहेको छ । यस क्षेत्रमा २४ सै घण्टा नेपाल र सशस्त्र प्रहरीको टोलीको उपस्थिति हुने गरेको छ ।
सुरक्षाकर्मीको उपस्थितिमा नै सार्वजनिक सम्पत्ति चोरी हुनु भनेको वीरगंजको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठेको स्थानीय बुद्धिजीवीको भनाइ छ ।
उनीहरुले घण्टाघरमा जडान गरिएको बत्ती कसरी र कसले चोरेको हो भन्ने विषयमा अनुसन्धान गरी दोषीलाई कारबाही गर्नुपर्ने बताए ।

## सुन्दर र हराभरा वीरगंज बनाऔँः सिंह

***मधेशदृष्टि***
***वीरगंज ।***
*वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले वीरगंजलाई हराभरा र सुन्दर बनाउने अभियानमा हातेमालो गर्न आह्वान गरेका छन् ।*
*सबैले हेर्न लायक र घुम्न लायक वीरगंज बनाउने अभिभारामा आफू जुटेको बताउँदै उनले महानगर एक्लैको प्रयासले सम्भव नहुने बताए । अलाइड युथ सोसाइटीले वीरगंजस्थित मधेश विश्वविद्यालय परिसरमा शनिबार गरेको वृक्षारोपण कार्यक्रममा मेयर सिंहले वीरगंजका युवा सामाजिक कार्यमा सक्रिय भइरहेकामा खुशी व्यक्त गर्दै युवाको सहभागिता विना समृद्धि सम्भव नहुने बताए ।*
*मधेश विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. दीपक शाक्यले युवा नै समृद्धिको आधार भएको बताए । देशका मेरुदण्ड मानिने युवा सामाजिक कार्यमा सरिक भएर सामाजिक सद्भाव र भाइचारा कायम राख्नुपर्ने उनको सुझाव थियो । समृद्ध नेपाल फाउन्डेशनसँगको सहकार्यमा अलाइड युथ सोसाइटीले मधेश विश्वविद्यालय परिसरमा विरुवा रोपेको हो । सोसाइटीका जनसम्पर्क अधिकृत कृष गुप्ताको संयोजकत्वमा गुलमोहर, निम, सिम्जन, मसाला सहित विभिन्न प्रजातिका १ सय विरुवा रोपिएको सोसाइटीका अध्यक्ष ओम कुमार झाले जानकारी दिए ।*

# महावाणिज्य दूतावासद्वारा 'ओपन हाउस फर कन्सुलर गुनासो'



**मधेशदृष्टि**
**वीरगंज ।**
महावाणिज्य दूतावास वीरगंजले 'ओपन हाउस फर कन्सुलर गुनासो' कार्यक्रमको उद्देश्य नेपालमा बसोबास गर्ने पीडित भारतीय नागरिकको गैर–नियमित कन्सुलर गुनासोको समाधान गर्नु हो । अशोक स्टिल, जगदम्बा स्टिल, शिवशक्ति केमोप्लास्ट, पार्थ फार्मा वितरक, आदर्श पोलिप्लास्टिक वीरगंजमा काम गर्ने भारतीयले दर्ता र नवीकरणलगायतका गुनासो गरेका थिए ।
ओपन कन्सुलर हाउस अर्को महिनाको अन्तिम शनिबार २८ अक्टोबरमा गरिने भएको छ । पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, मकवानपुर र चितवनमा बसोबास गर्ने भारतीय नागरिकलाई चाँडो वाणिज्य दूतावासमा आफ्नो नाम दर्ता गराउन पनि अनुरोध गरिएको छ । उनीहरुले अन्य कुनै पनि कन्सुलर सेवा प्राप्त गर्न र गुनासो समाधानका लागि पनि सम्पर्क गर्न सक्ने व्यवस्था दूतावासबाट मिलाइएको छ ।

# संघीय हिन्दू राज्यका लागि युवा सम्मेलन




**मधेशदृष्टि**
**काठमाडौं ।**
राष्ट्रिय एकता अभियान अन्तर्गतको युवा विभागले शनिबार काठमाडौँमा दोस्रो युवा सम्मेलन गरेको छ । संघीय हिन्दु गणतन्त्र स्थापनार्थ आयोजित युवा सम्मेलन युवा विभागका संयोजक दिवस पटेलको अध्यक्षतामा भएको हो ।
कार्यक्रममा प्रमुख अतिथि एवम अभियानका केन्द्रीय संयोजक विनय यादव, विशिष्ठ अतिथि अभियानका वरिष्ठ नेता विपी यादव, अभियानका महासचिव डा. प्रभात कुशवाहा, केन्द्रीय सदस्य चन्द्र यादवलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । यादवले विधर्मीहरुले नेपालबाट सनातन संस्कृति समाप्त गरी देशलाई गुलाम बनाउने चलखेलमा लागेकाले हिन्दू समाज संगठित भई त्यसको प्रतिरोध गर्नु पर्ने बताए । उनले सर्लाहीको मलंगवामा भएको हिन्दूमाथि आक्रमणमा परी घाइतेको उपचार राज्यले गर्नु पर्ने माग गरे । उनले भने, 'संविधान संशोधन गरी जनताको इक्षाविपरीत लादिएको धर्मनिरपेक्षता हटाएर राज्यलाई संघीय लोकतान्त्रिक हिन्दू गणतन्त्र बनाउने काममा लागौँ ।' यसैगरी, महिला विभाग प्रमुख रीता साह, बागमती प्रदेश इन्चार्ज शिशिर रञ्जीतकार, मधेश सम्पर्क समिति संयोजक बिनोद सिंह, प्रशिक्षण विभाग संयोजक उमेश सिंह, प्राध्यापकद्धय विजय महासेठ र कुंजीलाल यादव, जयनारायण यादवलागयतले सम्मेलनमा आफनो धारणा राखेका थिए ।कार्यक्रम सञ्चालन राकेश सिंहले गरेका थिए भने राष्ट्रिय विद्यार्थी परिषद्का महासचिव पप्पू यादव र अभियानका केन्द्रीय सदस्य सूजन यादवले सहजीकरण गरेका थिए ।

# युवासंघको जन परिचालन समिति



**मधेशदृष्टि**
**वीरगंज ।**
युवा संघ नेपाल पर्साको बैठक वीरगंजमा भएको छ । बैठकले मेची महाकाली समाजवादी जागरण अभियानका लागि वीरगंजमा जन परिचालन समिति गठन गरेको छ ।
बैठकले युवा संघका अलि अन्सारी र आकाश पटेलको नेतृत्वमा जन परिचालन समिति गठन गरेको हो । असोज १८ गते मेची महाकाली समाजवादी जागरण अभियानको कार्यक्रम सफल बनाउन जन परिचालन समिति गठन गरिएको हो ।
असोज १४ गतेदेखि सुरु हुने समाजवादी अभियानको टोली असोज १८ गते दिउँसो वीरगंज आइपुग्नेछ । युवा संघ नेपाल पर्सा इञ्चार्ज अनिल पटेलको प्रमुख आतिथ्यता तथा आकाश पटेलको अध्यक्षतामा बैठक भएको हो । बैठकमा नेकपा एकीकृत समाजपार्टीका नेता रामेश्वर धानुक, युवा संघका सन्दीप पटेल, दीपक साह, नरेन्द्र पटेल, चन्दन महतो, बिक्रम पटेल, कैलाश पासवान, पप्पु पटेल, रामबाबु महतो, पवन कुमार, बिनोद पटेल, ज्वाहिर अन्सारी, सुरज कुशवाहा, रामबाबु कुर्मीलगायतको बैठकमा उपस्थिति थियो ।

# सर्लाहीमा स्वागतको तयारी पूरा

**मधेशदृष्टि**
**सर्लाही ।**
नेकपा एकीकृत समाजवादीको मेचीमहाकाली समाजवादी जागरण यात्रालाई स्वागतको सम्पूर्ण तयारी पूरा भएको छ । टोली असोज १७ गते सर्लाहीको लालबन्दीमा आइपुग्ने भएकाले तयारी पूरा भएको सर्लाही अध्यक्ष सुरेन्द्र लामाले जानकारी दिए ।
असोज १४ गते सोमबार झापाको काँकडभिट्टाबाट सुरु भएर सुदूरपश्चिम हुँदै सुर्खेतमा समापन हुने समाजवादी जागरण यात्रा १७ गते दिउँसो ३ बजे सर्लाहीको लालबन्दी आइपुग्ने छ । जागरण यात्रामार्फत पार्टीको रूपान्तरणकारी एजेन्डा, पार्टीले उठाउँदै आएका मुद्दा र कार्ययोजना, पार्टीको सिद्धान्त, विचार, नीति तथा कार्यक्रमलगायतका विषयमा जानकारी गराउनुका साथै

*बाँकी पृष्ठ २ मा*

# सडेको अवस्थामा महिलाको शव फेला



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको विन्दबासिनी गाउँपालिकामा महिलाको शव फेला परेको छ । विन्दबासिनी गाउँपालिकास्थित नदी किनारमा महिलाको बेवारिसे शव फेला परेको हो । विन्दबासिनी गाउँपालिका–२ ढोङ्गही खोलाको उत्तरतर्फ अन्दाजी ६० वर्षजस्तो देखिने महिलाको शव फेला परेको पर्सा प्रहरीले जनाएको छ ।
शव सडिसकेको अवस्थामा रहेको पर्साका प्रहरी नायब उपरीक्षक कुमार बिक्रम थापाले जानकारी दिए । शव सडेको अवस्थामा फेला परेकाले पहिचान समेत गर्न नसकिएको उनको भनाइ छ ।
शव पोष्टर्माटमका लागि वीरगंजस्थित नारायणी अस्पतालमा राखिएको छ ।
घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

## पुरुषको शव फेला

खडक नगरपालिका वडा नम्बर ११ बनौलीस्थित पोखरीमा शनिबार बिहान पुरुषको शव फेला परेको छ । स्थानीय रामप्रसाद यादवको घरछेउको पोखरीमा बोराभित्र सडेगलेको अवस्थामा तत्काल पहिचान हुन नसक्रे पुरुषको शव फेला परेको सप्तरीका प्रहरी प्रवक्ता एवम डिएसपी ढुण्डीराज नेउपानेले जानकारी दिए । कसैले हत्या गरी बोरामा हालेर पोखरीमा हालेको हुनसक्रे अनुमान गरिएको छ । डिएसपी नेउपानेले अनुसन्धानपछि मात्र विस्तृतमा बताउन सकिने बताए ।

# राउन्ड टेबलद्वारा शैक्षिक सामग्री हस्तान्तरण




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज राउन्ड टेबल–३ ले नेपाल राष्ट्रिय गीता गजेन्द्रराज जोशी महाविद्यालयमा शैक्षिक सामग्री र खाजा हस्तान्तरण गरेको छ ।
विद्यालयका एक सय २१ विद्यार्थीलाई शैक्षिक सामग्री र खाजा हस्तान्तरण गरिएको अध्यक्ष अंकुर भांगरले बताए । कार्यक्रम थ्रिल फ्याक्टरीमा भएको हो ।
राउन्ड टेबल ३ ले विभिन्न सादायिक सेवा कार्यअन्तर्गत विद्यालयलाई सहयोग गरिरहेको पब्लिकेसन अफिसर निखिल चाचानले बताए ।

# चिकित्सक कुट्नेमाथि कारबाही हुन्छः मन्त्री



**मधेशदृष्टि**
**वीरगंज ।**
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतले देशभर श्रृंखलावद्ध चिकित्सकमाथि कुटपिट घटनामा सरकारले कारबाही प्रक्रिया अघि बढाइसकेको बताएका छन् ।
शनिबार वीरगंजस्थित नारायणी अस्पतालको स्थापना दिवसको अवसरमा आयोजित समारोहलाई सम्बोधन गर्दै मन्त्री बस्नेतले यस्तो बताएका हुन् । मधेशका आठ जिल्लाको स्वास्थ्य क्षेत्रको विकासका लागि वीरगंजस्थित नारायणी अस्पतालमै मृगौला प्रत्यारोपण (किड्नी ट्रान्सप्लान्ट) गर्ने व्यवस्था छिटै सञ्चालन गरिने मन्त्री बस्नेतले प्रतिवद्धता जनाए । उनले किड्नी ट्रान्स प्लान्ट गर्ने व्यवस्थाका लागि दाता आए सबैभन्दा पहिले नारायणी अस्पतालमा ल्याइने बताए । आफ्नो कार्यकाल रहेसम्म चिकित्सा शिक्षा ऐन सुधार गर्ने मन्त्री बस्नेतले बताए ।
यसैबीच वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले उपचारका लागि आउने बिरामीसँग गरिने व्यवहारमा सुधार ल्याउन नारायणी अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीलाई सुझाव दिएका छन् ।
वीरगंजस्थित नारायणी अस्पतालको स्थापनाको १ सय ३१ वर्ष पूरा भएको उपलक्ष्यमा शनिबार आयोजित प्रथम वार्षिकोत्सव समारोहमा सम्बोधन गर्दै मेयर सिंहले यस्तो सुझाव दिएका हुन् ।
मेयर सिंहले नारायणी अस्पतालमा सरकारले निर्माण गर्ने निर्णय गरेको ५ सय शैयाको भवनको विषयमा अदालतमा विचाराधीन मुद्दालाई छिट्टै टुंगो लगाउन कार्यक्रममा सहभागी स्वास्थ्यमन्त्री मोहन बहादुर बस्नेतसंग आग्रह गरे । अस्पतालका निमित्त मेसु डा. चितरञ्जन साहको अध्यक्षतामा भएको कार्यक्रममा मधेशका स्वास्थ्यमन्त्री वीरेन्द्र सिंह, प्रतिनिधिसभा सदस्य प्रदीप यादव, अजय चौरसिया, प्रभु हजरा, वीणा जयसवाल, प्रदेशसभा सदस्य जनार्दन सिंह क्षेत्री, श्याम पटेल लगायतको सहभागिता थियो ।

## मणिपाल तोडफोडमा संलग्न थप सात पक्राउ



**मधेशदृष्टि**
**पोखरा ।**
मणिपाल शिक्षण अस्पतालमा तोडफोड र चिकित्सकमाथि हातपातमा संग्लन थप ७ जना पक्राउ परेका छन् ।
जिल्ला प्रहरी कार्यालय कास्कीका अनुसार अस्पतालमा आइतबार बिहान उपचारका लागि पुगेकी लमजुङ सुन्दरबजारकी ५७ वर्षीया सुकमाया दुराको सोमबार दिउँसो मृत्यु भएपछि उनका आफन्त र पछि ठूलो हूल आएर चिकित्सकमाथि आक्रमण गर्नुका साथै अस्पतालको भौतिक संरचनासमेत तोडफोड गरेका थिए । सोमबार नै चिकित्सकमाथि हातपातमा संग्लन विनय गुरुङ पक्राउ परेका थिए ।
घटनामा संलग्न रहेकामध्ये शुक्रबार राति थप ७ जना पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कास्कीले जानकारी दिएको छ । शुक्रबार पोखरा न्युरोडबाट सुजित मुल्मी, मनिष थापा, अविनाश, अरुण, नितेश, विवेक र प्रदीप गुरुङलाई पक्राउ गरिएको कास्की प्रहरी प्रमुख उपरीक्षक मोहन थापाले बताए ।
पक्राउ परेका उनीहरूलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षासम्बन्धी ऐन, २०६६ अनुसार अदालतबाट म्याद थप गरेर अनुसन्धान गरिने थापाले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन